# प्रभाव दैनिक

National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ६१ | काठमाडौं | सोमबार, ०९ असार २०८२ | Prabhab National Daily | Monday, June 23, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## पशुपतिको विद्युतीय शवदाह गृह उपकरण खरिदमा भ्रष्टाचार

### कोषका सदस्यसचिव डा. मिलन थापासहित १६ जनाविरूद्ध अख्तियारले चलायो भ्रष्टाचार मुद्दा

- प्रतिवादीहरूविरूद्ध १० करोड ३३ लाख ९१ हजार रूपैयाँ बिगो मागदाबी
- तत्कालीन निमित्त सदस्यसचिव राजुकुमार खत्री, तत्कालीन कार्यकारी निर्देशक घनश्याम खतिवडा, हालका उपनिर्देशक रेवतीरमण अधिकारी, तत्कालीन निमित्त उपनिर्देशक सीताराम रिसेललगायत पनि प्रतिवादी



■ **जेबी योञ्जन**

**काठमाडौं–** बहुचर्चित जलहरीकाण्डबाट उन्मुक्ति पाएका पशुपति क्षेत्र विकास कोषका सदस्यसचिव डा. मिलनकुमार थापा अर्को ठूलो भ्रष्टाचारकाण्डमा मुछिएका छन् । उनी विद्युतीय शवदाह गृहको उपकरण खरिदमा भएको भ्रष्टाचारमा मुछिएका हुन् । अख्तियारले आइतबार थापासहित १६ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

यसअघि अख्तियारले नै थापासहितलाई जलहरीकाण्डमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो । त्यसबेला उनी बयानको क्रममा रोएका थिए । विशेष अदालतबाट उनले त्यसबेला सफाइ पाए । तर, एउटा भ्रष्टाचार मुद्दा अदालतबाट टुंगिएको करिब एक वर्षमै अर्को ठूलो भ्रष्टाचार मुद्दा उनीविरुद्ध दायर भएको छ ।

विशेष अदालतका सूचना अधिकारी यज्ञ रेग्मीका अनुसार अख्तियारले शवदाह गृहको उपकरण खरिद गर्दा भ्रष्टाचार गरेको आरोपमा थापासहितका प्रतिवादीविरुद्ध १० करोड ३३ लाख ९१ हजार रूपैयाँ बिगो मागदाबी गरेको छ । उनले प्रभावसँग भने, 'शवदाहको उपकरण प्रकरणमा सदस्यसचिव मिलनकुमार थापा, तत्कालीन निमित्त सदस्यसचिव राजुकुमार खत्री, तत्कालीन कार्यकारी निर्देशक घनश्याम खतिवडा, हालका उपनिर्देशक रेवतीरमण अधिकारी, तत्कालीन निमित्त उपनिर्देशक सीताराम रिसेल, सिभिल इञ्जिनियरहरू पशुपति ठाकुर, डेबिड उप्रेती र रमेश पुरी, लेखा अधिकृत चन्द्रप्रसाद खनाल, इञ्जिनियर अध्ययन संस्थान पुल्चोक

क्रमशः पृष्ठ २ मा

### अनुसन्धानमै तीन काण्ड

अख्तियारले काठमाडौंको बानेश्वरस्थित भीमसेनगोलाको करिब १२ रोपनी गुठीको जग्गा रैकर बनाउन भूमिका खेल्नेहरूविरुद्ध अनुसन्धान गरिरहेको छ । तत्कालीन सदस्यसचिव, कार्यकारी निर्देशक, अमालकोट कार्यालयका प्रमुखहरूले उक्त जग्गा गुठीको नभएको बताएका थिए । तर, अहिले अख्तियारले यसबारे पनि छानबिन गरिरहेको छ । यसबाहेक पशुपतिको वनकाली क्षेत्रमा पार्किङ भाडा प्रकरणबारे पनि अख्तियारले अनुसन्धान गरिरहेको छ । २२ महिनासम्म सम्झौतामा उल्लेख भएको रकम नबुझाउँदा पनि सम्झौता नतोडेर ठेकेदारसँग मिलेमतो गरेको आशंकामा अख्तियारले छानबिन गरिरहेको हो ।

सुमार्गी भवन पाँच वर्षका लागि भाडामा अहेड ट्रेड लिंकलाई २०७३ सालमा दिएको र उक्त कम्पनीले ६५ लाख तिर्न बाँकी रहेकै अवस्थामा २०७७ सालमा फेरि पाँच वर्षका लागि नवीकरण गरेको विषयपछि अख्तियारले छानबिन थालेको हो ।

क्रमशः पृष्ठ २ मा

## आलोचनाको घेरामा सहरी विकासमन्त्री सिंह

### बुबा गणेशमानको नाममा करोडौं बजेट छुट्याएको आरोप

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** आइतबारको प्रतिनिधिसभा बैठकमा बजेटको सैद्धान्तिक छलफलमा सहभागी भएका अधिकांश सांसदहरूले उपप्रधान तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहको चर्को आलोचना गरेका छन् । आफ्ना पिता गणेशमान सिंहको नाममा करोडौं रकम छुट्याएको आरोप लगाउँदै सदनमा सांसदहरूले मन्त्री सिंहको चर्को आलोचना गरेका हुन् ।

सत्ता नेतृत्व दल नेकपा एमालेका सांसद सूर्य थापाले गणेशमानको नाममा प्रकाशमानले ७५ करोड रूपैयाँ बजेट विनियोजन गरेको आरोप लगाए । 'सहरी विकास मन्त्रालयको बजेट हेर्छु त गणेशमान सिंहको सम्मानमा केही केही जिल्लामा केही केही छरिएको रकममा खोज्न खोजिएको पाएँ । प्रकाशमान सिंह उहाँको छोरा हुनुहुन्छ भनेर साथीहरूले सुनाउनुभयो, हुनुहुन्छ कि हुनुहुन्न मलाई थाहा छैन तर झण्डै ७५ करोड रूपैयाँ रकममा गणेशमान सिंहको सम्मानलाई साट्ने ढंगको जुन विनियोजन भएको छ, यो गलत भएको छ,' थापाले भने ।

गणेशमानको नाममा सहरी विकास मन्त्रालयबाट कांग्रेस भ्रातृ संगठन तरुण दलको भवनलाई समेत तीन करोड रूपैयाँ बजेट विनियोजन गरिएको थियो । यसरी आउने बजेटले कुनै परिणाम नदिने थापाको तर्क थियो । उनले यस्ता खालको मन्त्री परिवर्तन गर्नसमेत प्रधानमन्त्री केपी शर्मा ओलीलाई आग्रह गरे । 'को-को मन्त्रीले संयुक्त सरकार हो भनेर हेक्का राखेर काम गर्नुपर्ने हो ।

क्रमशः पृष्ठ २ मा



### गणेशमानको नाममा यसरी छरियो बजेट

सहरी विकासमन्त्री प्रकाशमान सिंहले सबैभन्दा बढी बजेट काठमाडौंको शंखरापुर नगरपालिकामा रहेको पटापको सडकलाई विनियोजन गरेका छन् । गणेशमान सिंह लोकमार्ग नाम रहेको उक्त सडकका लागि सिंहले आठ करोड रूपैयाँ विनियोजन गरेका हुन् । उक्त क्षेत्र प्रकाशमानका स्वकीय युपी लामिछानेको क्षेत्र हो ।

यसैगरी काठमाडौंको जहरसिंह पौवामा निर्माण गर्न लागेको गणेशमान पार्क तथा रंगशालाका लागि विभिन्न शीर्षकमा चार करोड ३० लाख रूपैयाँ बजेट विनियोजन गरेका छन् । त्यसैगरी पाँचथरमा बन्न लागेको गणेशमान पार्क तथा खेल मैदानका लागि तीन करोड, झापाको शिवसताक्षी नगरपालिकामा शिक्षालय र अध्ययन प्रतिष्ठानका लागि सात करोड रूपैयाँ विनियोजन गरेका छन् ।

क्रमशः पृष्ठ २ मा

प्रकाशमान सिंह उहाँको छोरा हुनुहुन्छ भनेर साथीहरूले सुनाउनुभयो, हुनुहुन्छ कि हुनुहुन्न मलाई थाहा छैन तर झण्डै ७५ करोड रकममा गणेशमान सिंहको सम्मानलाई साट्ने ढंगको जुन विनियोजन भएको छ, यो गलत भएको छ ।

■ **सूर्य थापा**
सांसद, नेकपा एमाले

नाम हालेको छ गणेशमान सिंह, बरू उहाँलाईचाहिँ चित्त दुख्यो होला । आज संसद्मा म जस्तो मान्छेलाई मेरो छोराले आलोचनाको सिकार बनायो भनेर भनिराख्नुभएको जस्तो लाग्छ स्वर्गमा पनि । जताततै गणेशमा सिंह प्रतिष्ठान, आफ्नै वरिपरि हाल्नुभएको छ ।

■ **अमनलाल मोदी**
सांसद, माओवादी केन्द्र

तपाईंले यो के गर्नुभएको ? गणेशमानको नाममा करिब-करिब ७५ करोड बजेट ! कुनै उत्पादनमूलक काममा होइन । कुनै युवाहरूलाई रोजगारी दिनेखालको कार्यक्रममा होइन । अनुत्पादक संरचनाहरू बनाउने नाममा गणेशमानलाई बदनाम गराउनुभयो ।

■ **प्रकाश ज्वाला**
सांसद, एकीकृत समाजवादी

**सन्दर्भः वैदेशिक रोजगार**

## ई-९ भिसामा दक्षिण कोरिया जाने श्रमिकको संख्या २१ प्रतिशतले घट्यो

- जुन १० सम्म १७ देशका २८ हजार ५२० जनामात्र कोरिया गएको तथ्यांक
- उत्पादन क्षेत्रमा सन् २०२४ को भन्दा २५.८ प्रतिशत न्यून
- कृषि तथा सेवा क्षेत्रमा जानेहरु केही बढेको तथ्यांक
- आर्थिक मन्दीले श्रमिकको संख्या घटेको जानकारी



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** भाषा परीक्षा उत्तीर्ण गरेर नेपालसहित विभिन्न मुलुकबाट दक्षिण कोरिया जाने श्रमिकको संख्या गत वर्षको तुलनामा करिब २१ प्रतिशतले घटेको छ । कोरियाको श्रम तथा रोजगार मन्त्रालयले आर्थिक मन्दीका कारण श्रमबजारमा श्रमिकको मागमा कमी आएको जनाएको त्यहाँका राष्ट्रिय सञ्चारमाध्यमले उल्लेख गरेका छन् ।

कोरियाको रोजगार अनुमति प्रणाली (इपिएस)मार्फत ई-९ भिसा लिएर सन् २०२५ को जुन १० सम्म २८ हजार ५२० जना श्रमिक कोरिया पुगेका छन् । जुन अघिल्लो वर्ष (सन् २०२४) को यसै अवधिको तुलनामा २०.९ प्रतिशतले कम हो । अघिल्लो वर्षको यसै अवधिमा ३६ हजार ४८ जना श्रमिक कोरिया गएका थिए । यस वर्ष सुस्ताएको आर्थिक वृद्धिका कारण गैरव्यावसायिक रोजगार भिसा अर्थात् ई-९ भिसामा श्रमिकहरू कोरिया लैजाने क्रम घटेको जनाइएको छ ।

यस अवधिमा विशेषगरी उत्पादन क्षेत्रमा लग्दै आएको श्रमिकको संख्यामा २५.८ प्रतिशतले गिरावट आएको जनाइएको छ । यस वर्षको जुन १० सम्म २१ हजार ४४३ जना श्रमिकमात्र उत्पादन क्षेत्रतर्फ गएका छन् ।

**कोरियामा देखापरेको आर्थिक मन्दीको प्रत्यक्ष असर त्यहाँ जाने पर्खाइमा रहेका नेपाली युवाहरूमा पनि परेको छ । श्रमिक लग्ने प्रक्रिया विगतको जस्तो उत्साहजनक नहुँदा भाषा परीक्षा उत्तीर्ण गरेर बसेका युवाहरूको आशा निराशामा परिणत हुन थालेको छ ।**

कोरियाको श्रम मन्त्रालयका अनुसार कोरोना महामारीका बेला घटेको श्रमिक लैजाने प्रक्रियाले सन् २०२२ र २०२३ मा गति लिएको थियो । यी वर्षहरूमा कोरियाले क्रमशः ८८ हजार १०२ र एक लाख १४८ जना श्रमिक लगेको थियो । यद्यपि, सन् २०२४ मा यो संख्या ७८ हजार २५ मा झरेको थियो । जबकि, उक्त वर्ष सरकारले एक लाख ६५ हजार श्रमिक लैजाने सीमा निर्धारण गरेको थियो ।

यस वर्ष भने २०२४ को भन्दा पनि कम श्रमिक लैजाने संकेत देखिएको छ । २०२५ का लागि कोरिया सरकारले एक लाख ३० हजार श्रमिकको कोटा छुट्याए पनि हालसम्म त्यसको २१.९ प्रतिशत श्रमिकमात्र लगेको छ ।

यस वर्ष ई-९ भिसाको सबैभन्दा ठूलो हिस्सा ओगट्दै आएको उत्पादन क्षेत्रमा उल्लेखनीय गिरावट आएको छ । अघिल्लो वर्षको यसै अवधिमा उत्पादनमा २८ हजार ८८७ जना श्रमिक लगेकोमा यस वर्ष २१ हजार ४४३ जनामात्र कोरिया गएका छन् । यस वर्ष पनि वार्षिक कोटाभन्दा कम श्रमिक लैजाने सम्भावना रहेको जनाइएको छ । सन् २०२४ को तुलनामा माछा मार्ने क्षेत्रमा २१.७ र निर्माण क्षेत्रमा ३३.१ प्रतिशतले श्रमिक घटेका छन् ।

क्रमशः पृष्ठ २ मा

## घरेलु श्रमसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि अनुमोदन गर्नुपर्नेमा जोड



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** घरेलु श्रमसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (१८९) अनुमोदन गर्नुपर्नेमा सरोकारवालाहरूले जोड दिएका छन् । 'युवालय' नामक संस्थाले आइतबार यहाँ आयोजना गरेको संसदीय छलफलमा बोल्ने वक्ताहरू उक्त जोड दिएका हुन् ।

कार्यक्रममा सहभागी संघीय सांसद र प्रदेशसभा सदस्यहरूले उक्त महासन्धि अनुमोदन गर्न हरसम्भव पहल गर्ने प्रतिबद्धता जनाए । नेपाल धेरै घरेलु कामदार पठाउने मुलुकको सूचीमा अग्रस्थानमा रहेकाले श्रमिकको हकहितका लागि महासन्धि पारित गर्न दबाब सिर्जना गर्ने उनीहरूले विश्वास दिलाए ।

पछिल्लो तथ्यांकअनुसार नेपालमा करिब दुई लाखको संख्यामा घरेलु कामदार रहेका छन् । त्यसमध्ये ८० प्रतिशत महिला रहेको अनुमान छ । घरको कामलाई नेपाली समाजमा मान्यता नदिएका कारण कतिपय घरेलु कामदार न्यूनतम तलबभत्ता, स्वास्थ्य बिमा, बिरामी र सुत्केरी बिदालगायत सेवासुविधाबाट बञ्चित रहेको अवस्थामा महासन्धि अनुमोदन आवश्यक रहेको कार्यक्रमका वक्ताहरूको भनाइ थियो ।

त्यस्तै वैदेशिक रोजगारमा गएका घरेलु महिला खेप्न परेको कुटपिट, झेल्न परेको दुर्व्यवहार र भोग्नुपरेको यौनजन्य हिंसासमेत अन्त्यका लागि महासन्धि अनुमोदन हुनुपर्नेमा उनीहरूले जोड दिए ।

महासन्धि अनुमोदन गरेका खण्डमा अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकको सुरक्षित, व्यवस्थित तथा मर्यादित काम गर्ने अधिकार सुनिश्चित हुने अपेक्षा गरिएको छ । नेपालबाट वैदेशिक रोजगारी जानेमध्ये औपचारिक वा अनौपचारिक रूपमा युरोप, इजरायल र खाडीलगायत मुलुकमा घरेलु कामदारमा जाने ठूलो संख्या छ ।

युवा सरोकारका तथा घरेलु श्रमिकसँग जोडिएका विषयवस्तु उठाउँदै आएको उक्त संस्थाले प्रतिनिधिसभा मातहतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्त समितिका सदस्य तथा श्रमसम्बन्धी जानकार बागमती प्रदेशका सदस्यसँग छलफल गरी राय-परामर्श लिएको हो ।

क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमशः

## आलोचनाको ...

यदि त्यो हुन्न भने प्रधानमन्त्रीज्यूले आफ्नो टिमको पुनर्मूल्यांकन गर्नुपर्छ,' उनले भने ।

सत्तारुढ दल नेपाली कांग्रेसका सांसद पूर्णबहादुर तामाङ 'कान्छाराम'ले पनि मन्त्री सिंहको चर्को आलोचना गरे । उनले संसद्को रोस्ट्रममा उभिएर आफू बौद्ध धर्मावलम्बी भएकाले बजेट किताब नच्यात्ने उल्लेख गर्दै २०८४ को निर्वाचनमा पराजित होस् भनी पुकारे । 'म यो बजेट किताब च्यात्दिनँ, म तामाङको छोरो बौद्ध धर्म मान्ने छोरो, किताब च्यात्ने कुरामा विश्वास गर्दिनँ,' उनले बजेट किताबलाई ढोग्दै भने, 'भगवान् गौतम बुद्ध र पशुपतिनाथलाई पुकारेर भन्छु, ०८४ को चुनावपछि प्रकाशमान र विष्णु पौडेललाई यो संसद्मा देख्नु नपरोस् ।'

प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका सांसद अमनलाल मोदीले प्रकाशमानकै कारण गणेशमान आलोचित बनेको तर्क गरे । 'लौहपुरुष गणेशमानलाई हामी राम्रो आदर्श, फरक विचार भए पनि राम्रो तरिकाले मान्छौं । उहाँको मृत्युपश्चात् उहाँले सम्झिनुभएको थिएन कि मेरो छोरा मन्त्री भएर मेरै नामबाट बजेट हालोस् । गणेशमान सिंहज्यूले त्यस्तो कल्पना पनि गर्नुभएको थिएन,' मोदीले भने, 'नाम हालेको छ गणेशमान सिंह, बरु उहाँलाईचाहिँ चित्त दुख्यो होला । आज संसद्मा म जस्तो मान्छेलाई मेरो छोराले आलोचनाको सिकार बनायो भनेर भनिराख्नुभएको जस्तो लाग्छ स्वर्गमा पनि । जताततै गणेशमा सिंह प्रतिष्ठान, आफ्नै वरिपरि हाल्नुभएको छ ।'

नेकपा एकीकृत समाजवादीका सांसद प्रकाश ज्वालाले गणेशमानको नाममा आफ्ना आसेपासे र भरौटेहरूलाई बजेट छुट्याइएको बताए । सहरी विकास मन्त्रालयको परिभाषाअनुसार बजेट विनियोजन नै नभएको उनको आरोप छ । प्रकाशमानले गणेशमानको नाममा भरौटेहरूलाई पाल्ने, पोस्ने र बिचौलियाहरूले कमाइखाने भाँडो बनाएको उनले बताए ।

गणेशमानको नाममा कमाइखाने कार्यक्रम ल्याएर बदनाम गराउने काम प्रकाशमानबाटै भएको उनको तर्क थियो । 'परिभाषाअनुसारकै काम गरिराखेको छैन सहरी विकास मन्त्रालयले । आफ्ना इन्ट्रेस्टका, आफ्ना आसेपासेका लागि, आफ्ना वरिपरिका मान्छेहरूलाईचाहिँ कहाँ-कहाँबाट घुमाएर योजना हाल्न सकिन्छ, जुनसुकै शीर्षकमा पनि योजना थुपारेर आफ्ना भरौटेहरूलाई पाल्ने, पोस्ने र बिचौलियाहरूले कमाइखाने भाँडो बनाइएको छ सहरी विकास मन्त्रालय,' ज्वालाले भने, 'तपाईंले यो के गर्नुभएको गणेशमानको नाममा करिब-करिब ७५ करोड बजेट, कुनै उत्पादनमूलक काममा होइन । कुनै युवाहरूलाई रोजगारी दिनेखालको कार्यक्रममा होइन । अनुत्पादक संरचनाहरू बनाउने नाममा गणेशमानलाई बदनाम गराउनुभयो तपाईंहरूले । तपाई माफी माग्नुस् यो रोस्ट्रमबाट । गणेशमानको हाइट यस्तो होइन, गणेशमानलाई सबैले सम्मान गर्छन् । तपाईंले अपमान गर्नुभयो ।'

■■■

## गणेशमानको...

यता मोरङको बेलबारीमा गणेशमान सिंहको नाममा रंगशालाका लागि तीन करोड रूपैयाँ, बारामा गणेशमान पार्कका लागि तीन करोड, काठमाडौं महानगरको वडा १३ मा गणेशमान स्मृति भवनका लागि तीन करोड, वडा २९ मा ज्येष्ठ नागरिक भवनका लागि तीन करोड, सोही भवन स्तरोन्नतिका लागि तीन करोड रूपैयाँ रकम विनियोजन गरेका छन् । त्यसैगरी भक्तपुरको सूर्यविनायकमा स्मृति भवनका लागि तीन करोड, पोखरामा स्मृति भवनका लागि तीन करोड, काठमाडौंको वडा १५ मा गणेशमान मंगलादेवी भवनका लागि तीन करोड रूपैयाँ रकम विनियोजन गरेका छन् । त्यसैगरी स्याङ्जा, सिन्धुपाल्चोक, दैलेख, सुर्खेत, बागलुङ, ललितपुर, कैलाली, रुकुम पश्चिम, अछामदेखि दाङसम्मै गणेशमानका नाममा विभिन्न योजनाहरूमा बजेट विनियोजन भएका छन् ।

■■■

## पशुपतिको...

क्याम्पस इलेक्ट्रिकल विभाग प्रमुख उपप्राध्यापक युवराज अधिकारी, पशुपति विकास कोषका कानुनी सल्लाहकार तथा मूल्यांकन समिति सदस्य लैनबहादुर थापाविरुद्ध जनही १० करोड ३३ लाख ९१ हजार ३० रूपैयाँ बिगो कायम गरी कैद र जरिवाना तथा हिनामिना भएको रकम असुलउपरको मागदाबी लिइएको छ ।'

शवदाह उपकरण आपूर्तिकर्ता म्याप इन्ट्रप्रेनर प्रालिका सञ्चालकद्वय मनोज पुरी र यदुनन्दन भट्टराई हुन् । दुवैविरुद्ध अख्तियारले संयुक्त रूपमा बिगो कायम गर्दै कैद र जरिवानाको मागदाबी गरेको छ । एप्पल इञ्जिनियरिङ प्रोफेसनल कन्सल्टेन्सी र त्यसका प्रबन्ध निर्देशक सुरज चापागाईंविरुद्ध कायम गरेको बिगोबमोजिम जरिवाना र कैद सजायको माग दाबी छ ।

अख्तियारले विशेष अदालतमा दायर गरेको आरोपपत्रमा पशुपति क्षेत्र विकास कोषले ५ वैशाख २०८० मा बोलपत्र आह्वान गरेको थियो । सोही आधारमा विद्युतीय शवदाह गृहको उपकरण खरिद प्रक्रिया अगाडि बढाएको थियो । उक्त प्रक्रियामा योग्यता नपुगेका र योग्यता नपुगेका कम्पनीलाई ठेक्का दिलाउन मापदण्डसमेत हेरफेर गरिएको लगायतका र मिलोमतोमै रकम भुक्तानी दिएको अख्तियारको अनुसन्धानबाट खुलेको छ ।

खरिद गरेको मेसिनमा कैफियत देखिँदा पनि भुक्तानी स्वीकृति दिएको, कम गुणस्तरको मेसिन जडान गरी समयमा नै मर्मत नगरी नगराइ हाल सञ्चालनमासमेत नरहने अवस्थामा पुर्‍याएको अख्तियारले जनाएको छ । शवदाह मेसिन किन्न प्रतिगोटा दुई करोड ५८ लाख २५ हजार रूपैयाँका दरले १० करोड ३३ लाख रूपैयाँ खर्च गरेको पाइएको अख्तियारले जनाएको छ । जबकि, मेसिनहरू बजारमा एक करोड ५२ लाख रूपैयाँ हाराहारीमा उपलब्ध हुन्छन् ।

मेसिनहरूमा आइएसओ प्रमाणित र कम्पनीको नामसमेत उल्लेख नभएको अख्तियारले जनायो । पुराना दुईवटा जडान गरिसकेपछि मेसिन फिर्ता गरिएको भनिएको तर ती मेसिन अहिले कुन अवस्थामा कहाँ छन् ? कुनै भौतिक अभिलेख नभएको पनि बताइएको छ ।

स्रोतको दाबीमा नयाँ किनिएको भनिएका मेसिनका कतिपय पार्टपुर्जा पुराना मेसिनको लगाइएको आशंका गरिएको छ । यसमा मिलेमतोमा बोलपत्र गरी अनावश्यक मेसिन किने र करिब छ करोड रूपैयाँभन्दा बढी हानिनोक्सानी पुर्‍याएको स्रोतले बतायो । उसो त शवदाह मेसिन खरिद गर्न काठमाडौं महानगरले रकम दिने भनेको थियो । कोषले त्यसलाई बेवास्ता गर्दै मेसिन खरिदका लागि कोषकै रकम खर्च गरिएको थियो ।

■■■

## अनुसन्धानमै ...

अहिलेसम्म पनि कम्पनीले सम्झौताअनुसारको रकम तिरेको छैन । यो प्रकरणमा तत्कालीन सदस्यसचिव डा. प्रदीप ढकाल, कोषाध्यक्ष डा. मिलनकुमार थापालगायत मुछिएका छन् ।

अख्यितारको छानबिनमा रहेको अर्को विषय पशुपति क्षेत्र विकास कोषमा कुनै ऐन, कानुन र नियमावलीको प्रक्रिया र कार्यविधिविना नै अनधिकृतरूपमा कर्मचारी नियुक्ति हो । त्यसरी नियुक्त हुने कर्मचारीहरू कार्यालय सहयोगीदेखि उपसचिवसम्मका तहका रहेका छन् । यो क्रम २०७४ साउनदेखि सुरु भएको थियो ।

■■■

## ई-९ भिसामा...

यद्यपि, कृषि तथा पशुपालन र सेवा क्षेत्रमा भने केही बढी श्रमिक गएका छन् । कोरियाले यस क्षेत्रमा अघिल्लो वर्षको यसै अवधिको तुलनामा १९.३ प्रतिशत बढी श्रमिक लगेको तत्थ्यांक छ । अघिल्लो वर्ष तीन हजार ३७९ जना श्रमिक लगेकोमा यस वर्ष चार हजार ३१ जना श्रमिक गइसकेका छन् । अघिल्लो वर्ष सेवा क्षेत्रमा २०७ जना श्रमिक लगेकोमा यस वर्ष २५४ जना गइसकेका छन् जुन २७.५ प्रतिशतले बढी भएको जनाइएको छ ।

कोरियाले नेपालसहित १७ वटा मुलुकबाट श्रमिक लग्दै आएको छ । इपिएसमार्फत रोजगारीमा जाने श्रमिकहरू ई-९ भिसा लिएर कृषि तथा पशुपालन, उत्पादन, मत्स्यपालन, सेवा क्षेत्रलगायतमा जाँदै आएका छन् ।

कोरियामा देखापरेको आर्थिक मन्दीको प्रत्यक्ष असर त्यहाँ जाने पर्खाइमा रहेका नेपाली युवाहरूमा पनि परेको छ । श्रमिक लग्ने प्रक्रिया विगतको जस्तो उत्साहजनक नहुँदा भाषा परीक्षा उत्तीर्ण गरेर बसेका युवाहरूको आशा निराशामा परिणत हुन थालेको छ । उनीहरू कहिले सेक्टर परिवर्तन त कहिले रोस्टर अवधि बढाइदिन भन्दै सरोकारवालाकोमा धाउन थालेका छन् । नेपालबाट सन् २००८ यता एक लाख १५ हजारभन्दा बढी युवा इपिएस प्रणालीमार्फत कोरिया गएका छन् ।

■■■

## घरेलु...

समिति सदस्य एलपी साँवाले विश्वमै धेरै रोजगारी उपलब्ध गराउने क्षेत्र 'घर' भएकाले श्रमिकलाई कति र कस्तो सेवासुविधा उपलब्ध गराउने भन्ने विषय कानुनले कसेरमात्र नभई समाज, मनोवृत्ति र संस्कारलेसमेत निर्धारण गर्ने बताए । उनले कतिपय कुरा कानुनलेमात्र बाँध्न नसकिने भएकाले अधिकारका विषय उठाइरहँदा कर्तव्य र जिम्मेवार तुल्याउनेतर्फ पनि अभियान चलाउन आवश्यक रहेको धारणा राखे ।

महासन्धिमा नेपालले हस्ताक्षर गर्न विलम्ब गरेका कारण खाडी मुलुकमा लाखौंको संख्यामा गएका सुरक्षागार्ड र अन्य घरेलु कामदार न्यूनतम पारिश्रमिकबाट वञ्चित हुनपरेको तथा अनेकौं दुःख र हैरानी व्यहोर्न परेको वक्ताहरूले बताए ।

कार्यक्रममा घरेलु कामदार र ट्रेड युनियनका क्षेत्रमा क्रियाशील संस्थाका प्रतिनिधिले महासन्धिमा हस्ताक्षर भएका खण्डमा घरेलु कामदारका रूपमा महिला श्रमिक लुकिछिपी नभई निर्धक्क रूपबाट नेपालको विमानस्थल प्रयोग गरेर जानसक्ने अवसर प्राप्त गर्ने भनाइ राखे । त्यस्ता वैदेशिक रोजगारमा जाने श्रमिकलाई विषयगत सीप, भाषा, त्यहाँको संस्कृति, नवीनतम् प्रविधि प्रयोगको ज्ञान र कानुनबारे जानकारी गराउन आवश्यक रहेको उनीहरूको सुझाव छ ।


नेपाल सरकार
भूमि ब्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय
सर्लाही, मलंगवा मोही फाँट

**३५ दिने सार्वजनिक सूचना**

प्रकाशित मिति: २०८२।३।०९

जिल्ला सर्लाही साविक गा.वि.स. हथिऔल वडा नं.४ हाल बलरा न.पा. वडा नं. १ मा बस्ने **देवपरि देवी**लाई दावी गर्न आउने बारेको सूचना ।

उपरोक्त सम्बन्धमा जिल्ला सर्लाही साविक गा.वि.स. हथिऔल वडा नं. ४ हाल बलरा न.पा. वडा नं. १ मा बस्ने देवपरि देवी को नाममा दर्ता कायम रहेको जि.स.गा.वि.स. बलरा वडा नं ३ कि.नं.२५२ को ज.वि. ०-१५-१५ जग्गाको मोही रामचन्द्र झा रही निजको श्रीमती जि. सर्लाही साविक गा.वि.स. बलरा वडा नं. १ हाल बलरा न. पा. वडा नं. ३ मा बस्ने अनपुर्ण देवीले उक्त जग्गाको मोही नामसारी तथा जग्गा बाँडफाँड गरी पाऊँ भन्ने निवेदनमा मिति २०८२/२/२२ गतेको आदेशानुसार ज.ध. हक दावी सम्बन्धी ३५ दिने सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण सहित पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम मोही नामसारी र जग्गा बाँडफाँडको तर्फको कार्यवाही भै जाने यसै सूचनाद्वारा जानकारी गराइन्छ । पछि तपाइंको उजुर बाजुर लाग्ने छैन ।



मधेश प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय

**पूर्वाधार विकास कार्यालय, सप्तरी**

**बोलपत्र छनौट सम्बन्धी आशयको सूचना**

(प्रकाशित मिति: २०८२/०३/०९)

यस कार्यालयबाट IFB No.: 05/081/82/IDO/Saptari, मिति २०८१/१०/१४ (27th January, 2025) को मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक, IFB No.: 11/081/82/IDO/Saptari, मिति २०८१/१२/०८ (21th March, 2025) को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा तेस्रो पटक र IFB No.: 08/081/82/IDO/Saptari, मिति २०८१/११/११ (23rd February, 2025) को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित सूचना बमोजिम तपशिल ठेक्काहरूको लागि म्याद भित्र रितपूर्वक दर्ता भएका बोलपत्रहरु मध्ये तपशिलमा उल्लेखित बोलपत्रहरु सार्वजनिक खरिद ऐन, २०६३ (संसोधन सहित) र सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन सहित) बमोजिम प्राविधिक प्रस्ताव (Technical Bid) र आर्थिक प्रस्ताव (Financial Bid) हरूको मूल्यांकनबाट उतीर्ण भई ऐन र नियम बमोजिम न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही बोलपत्र (Lowest Evaluated Substantially Responsive Bidder) भएको देखिएकोले बोलपत्र स्वीकृतका लागी छनौट गरीएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२), (३) र दफा ४७ प्रयोजनार्थ सम्बन्धित सवैको जानकारी लागी यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र. सं. | बोलपत्र नं. | योजनाको नामरविवरण | छनौट भएको बोलपत्रदाता | कबोल अंक (मु.अ.क.सहित) |
|---|---|---|---|---|
| १. | IDO/Saptari/Works/NCB/21-081/82 | Saptari, Chinnamasta Kupahi Lokharam Road Construction | M/s Mahato Construction & Engineering Consultancy, Janakpur 8 | रू. १६,९९,४६,५७७.०० |
| २. | IDO/Saptari/Works/NCB/25-081/82 | Construction of Road Singyon - Khando River (Hulaki) | M/s D & S - KB Joint Venture, Kathmandu | रू. १५,६८,३३,३४१.४९ |
| ३. | IDO/Saptari/Works/NCB/26-081/082 | Deuri - Tarahi - Bhuthi - Pato - Bathnaha - Chapena - Singyon - Katti Road Works | M/s Mahato Construction & Engineering Consultancy, Janakpur-8 Dhanusha | रू. १६,२१,९४,९२७.५३ |
| ४. | IDO/Saptari/Works/NCB/27-081/82 | Gauda-Saraswor-Madhuvan-Balanpatti-Balanbihul Ga.Pa. Office-Gauda-Balanapatti | M/s Saras-Sagarmatha JV, Triyuga Municipality 11, Gaighat | रू. १४,८६,२०,८४५.६९ |
| ५. | IDO/Saptari/Works/NCB/29-2081/082 | Pauwa (Rupani Road)-Basbitti Musharnia-Kolhatta-Maleth (Pauwa-Maleth) | M/s Shivam Naisha JV, Janakpurdham, Ward no.-4 | रू. २१,३२,४३,९४५.१६ |

नि. कार्यालय प्रमुख



**कुवेतमा रोजगार** कम्पनी : NESTO HYPERMARKET COMPANY W.L.L

पूर्व स्वीकृति मिति : २०८१/०५/२७ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/०८ LT. No. 310682 चलानी नं. ६०२१०९१४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WAREHOUSE WORKERS | 0 | 104 | 120 | ५४,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: रुपन्देही, बुटवल, एशियन पार्टी प्यालेसमा मिति: २०८२ असार १६ गते (30th Jun. 2025) मा हुनेछ । संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १६ गते (30th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 615/063/64
BROTHERS INTERNATIONAL EMPLOYMENT PVT. LTD. (The Link For Recruitment Consultancy Pvt.ltd.)
Gongabu-26, Kathmandu, Nepal, Contact: +977 5919811 / 5919812, E-mail : info@biegroups.com, Web: www.biegroups.com



**कुवेतमा रोजगार** कम्पनी : SANA COMPANY FOR TAILORING WOMEN'S CLOTHING

पूर्व स्वीकृति मिति : २०८१/०२/०४ पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०३/०८ LT. No. 304968 चलानी नं. ६०२१९६८४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tailor | 15 | 0 | 140 | ६३,३२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १६ गते (30th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



**युएइमा रोजगार** कम्पनी : OASH ALDABABEER CARPENTRY AND INSULATION CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८१/११/१९ LT. No. 319727 चलानी नं. ६०२३३९०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 1 | 0 | 1200 | ४५,२८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १६ गते (30th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD. श्रम इजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



**युएइमा रोजगार** कम्पनी : MADINAT JALFAR TECH. CONT. शहर : Rolla, Sharj

पूर्व स्वीकृति मिति : २०८२/०३/०८ LT. No. 325985 चलानी नं. ६०२३९९४२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Duct Man | 20 | 0 | 1200 | ४५,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician + Plumber | 40 | 0 | 1200 | ४५,२८० | | | | | | | |
| 3 | Insulator | 20 | 0 | 1200 | ४५,२८० | | | | | | | |
| 4 | Pipe Fitters | 20 | 0 | 1200 | ४५,२८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १६ गते (30th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1136/073/074
DEEP JYOTI MANPOWER SERVICE PVT LTD.
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4590678, 4592910,
Mob: 970-9094570, 9808248185, E-mail : deepjyotimanpowerservice@gmail.com, Web: deepjyotimanpower.com.np



**कुवेतमा रोजगार** कम्पनी : GULF SCAFFOLDING FACTORY FOR ALUMINUM & BALACKSMITH WORKS

पूर्व स्वीकृति मिति : २०८०/१०/१९ पूर्व स्वीकृति मिति : २०८२/०३/०८ LT. No. 299384 चलानी नं. ६०२१४३३४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Aluminum Blacksmith | 20 | 0 | 110 | ४९,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 5 | 0 | 85 | ३८,४५० | | | | | | | |
| 3 | Steal Blacksmith | 24 | 0 | 110 | ४९,७५५ | | | | | | | |

कम्पनी : PRO PAINTERS FOR PAINTS AND DECORATION MATERIALS COMPANY

पूर्व स्वीकृति मिति : २०८१/१२/१५ पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०३/०८ LT. No. 321358 चलानी नं. ६०२३५४११

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Painter | 12 | 0 | 120 | ५४,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १६ गते (30th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

EXPRESS RECRUITER NEPAL PVT. LTD
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com



**कतारमा रोजगार** कम्पनी : PINK PEARL TRADING, CONTRACTING & DECORATION WLL

पूर्व स्वीकृति मिति : २०८२/०३/०८ LT. No. 325971 चलानी नं. ६०२३९९२९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER / PUBLIC BUILDING | 3 | 3 | 1000 | ३७,९७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 3 | 0 | 1400 | ५३,१६४ | | | | | | | |
| 3 | Dry Clean Worker | 2 | 2 | 1000 | ३७,९७४ | | | | | | | |
| 4 | Ground Host for Reservation | 3 | 3 | 1400 | ५३,१६४ | | | | | | | |
| 5 | Ground Steward (Male) | 3 | 0 | 1000 | ३७,९७४ | | | | | | | |
| 6 | Labour | 8 | 0 | 1000 | ३७,९७४ | | | | | | | |
| 7 | Mason. | 8 | 0 | 1200 | ४५,५६९ | | | | | | | |
| 8 | Plaster Worker | 5 | 0 | 1200 | ४५,५६९ | | | | | | | |
| 9 | Receptionist | 0 | 2 | 1400 | ५३,१६४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १६ गते (30th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SWIFT H.R. SOLUTION PVT. LTD.
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com



**ओमनमा रोजगार** कम्पनी : BUDGET INVESTMENT LLC

पूर्व स्वीकृति मिति : २०८१/११/२२ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/०८ LT. No. 319917 चलानी नं. ६०२१७९४८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव OR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Children Cloth Sales | 1 | 0 | 130 | ४६,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Dairy Products Salesmen-Cum-Helper | 10 | 0 | 130 | ४६,८६५ | | | | | | | |
| 3 | False Jewels Salesman | 7 | 0 | 130 | ४६,८६५ | | | | | | | |
| 4 | MEN CLOTHES SALES | 9 | 0 | 130 | ४६,८६५ | | | | | | | |
| 5 | Merchandise Pricing | 1 | 0 | 130 | ४६,८६५ | | | | | | | |
| 6 | packing and packaging worker | 9 | 0 | 130 | ४६,८६५ | | | | | | | |
| 7 | READYMADE CLOTHES SALES | 6 | 0 | 130 | ४६,८६५ | | | | | | | |
| 8 | RUG AND CARPET SALESMAN | 6 | 0 | 130 | ४६,८६५ | | | | | | | |
| 9 | Shoes Salesman | 6 | 0 | 130 | ४६,८६५ | | | | | | | |
| 10 | Sporting Clothes Salesman | 5 | 0 | 130 | ४६,८६५ | | | | | | | |
| 11 | vegetable fruit package pack work male | 6 | 0 | 130 | ४६,८६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १६ गते (30th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 615/063/64
BROTHERS INTERNATIONAL EMPLOYMENT PVT. LTD. (The Link For Recruitment Consultancy Pvt.ltd.)
Gongabu-26, Kathmandu, Nepal, Contact: +977 5919811 / 5919812, E-mail : info@biegroups.com, Web: www.biegroups.com

# ललितपुरका पत्रकारलाई प्रविधि र खोज पत्रकारिता तालिम

■ प्रभाव संवाददाता



**ललितपुर–** डिजिटल मिडिया फाउण्डेसन र नेपाल पत्रकार महासंघ ललितपुर शाखाको संयुक्त आयोजनामा खोज पत्रकारिता, डिजिटल पत्रकारिता र एआईसम्बन्धी तालिम दिइएको छ । गत शुक्रबार सञ्चालित तालिममा जिल्लाका २५ जना पत्रकार सहभागी थिए ।

तालिम समापन कार्यक्रममा न्यूनतम पारिश्रमिक निर्धारण समितिकी अध्यक्ष संगीता खड्काले प्रविधिको विकाससँगै पत्रकारमा प्राविधिक ज्ञान हुन जरुरी रहेको बताइन् । उनले समाचार लेखनसँगै डिजिटल प्रविधिको प्रयोगसम्बन्धी ज्ञान बढाउनुपर्नेमा जोड दिइन् । प्रविधिको ज्ञानले समाचार संकलनमा सहजता प्रदान गर्ने भन्दै उनले नयाँले मात्र होइन, पुराना पत्रकारहरूले पनि प्रविधिको प्रयोग गरेर समाचारकक्षलाई अझ प्रभावकारी बनाउन सक्ने धारणा राखिन् ।

तालिमका प्रशिक्षक प्रवेश सुवेदी र उमेश श्रेष्ठ थिए । उनीहरूले प्रविधिको प्रयोग, अनलाइन स्रोत तथा एआई टुल्सको प्रयोग कसरी गर्ने भन्ने सन्दर्भमा पत्रकारहरूलाई प्रशिक्षण दिएका थिए । प्रशिक्षक सुवेदीले खोज पत्रकारिता र अहिले डिजिटल प्रविधि तथा त्यसका टुल्सबारे पत्रकारहरूलाई जानकारी गराए । उनले पत्रकारले सूचना लिन र दिन के कस्ता टुल्स प्रयोग गर्ने भन्ने सन्दर्भमा पत्रकारहरूलाई जानकारी गराए । त्यस्तै खोज पत्रकारिताका लागि कसरी विषय उठान गर्ने र गहिराइमा कसरी पुग्ने भन्ने सन्दर्भमा सुवेदीले जानकारी दिएका थिए । अर्का प्रशिक्षक श्रेष्ठले अहिलेको दुनियाँमा जोगिएर प्रविधिको प्रयोग गर्नुपर्ने र प्रविधिलाई सहायताका लागि प्रयोग गर्दा समाचार संकलन र तथ्य जाँचमा सहज हुने बताए ।

इन्टरनेसनल अलर्टकी प्रतिष्ठा थापाले पत्रकारितालाई प्रभावकारी बनाउन आफूहरूले तालिममा सहयोग गरिरहेको बताइन् । यस प्रकारको सहयोगलाई निरन्तरता दिने प्रतिबद्धतासमेत उनले जनाइन् ।

पत्रकार महासंघ ललितपुर शाखाका अध्यक्ष रामहरि कार्कीले डिजिटल पत्रकारिता तालिमका कारण पत्रकारको क्षमता अभिवृद्धिसँगै सामाजिक रूपान्तरणमा पत्रकारको भूमिका महत्त्वपूर्ण हुने बताए । जिल्लामा क्रियाशील पत्रकारलाई डिजिटल प्रविधिमा पहुँच बढाउनका लागि तालिम आयोजना गरिएको उनको भनाइ छ । युरोपियन युनियनको आर्थिक तथा इन्टर नेसनल अलर्टको प्राविधिक सहयोगमा तालिम सञ्चालन गरिएको अध्यक्ष कार्कीले बताए ।

# भक्तपुर नगरपालिकाले ल्यायो दुई अर्ब ४७ करोडको बजेट

■ प्रभाव संवाददाता




**भक्तपुर–** भक्तपुर नगरपालिकाले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि दुई अर्ब ४७ करोड ३१ लाख रूपैयाँ बराबरको बजेट सार्वजनिक गरेको छ । नगरपालिकाको १८औं नगरसभाको आइतबारको बैठकमा उपप्रमुख रजनी जोशीले उक्त बजेट प्रस्तुत गरेकी हुन् ।

उपप्रमुख जोशीले प्रस्तुत गरेको बजेटमा चालु खर्चतर्फ एक अर्ब ५२ करोड ५३ लाख ११ हजार रूपैयाँ अर्थात् ६१.६७ प्रतिशत र पुँजीगत खर्चतर्फ ८० करोड ४८ लाख रूपैयाँ अर्थात् ३२.५४ प्रतिशत र वित्तीय व्यवस्थातर्फ १४ करोड ३० लाख रूपैयाँ अर्थात् ५.७८ प्रतिशत विनियोजन गरिएको छ । नगरपालिकाको आन्तरिक स्रोत, सरकार र प्रदेश सरकारबाट विभिन्न शीर्षकमा प्राप्त हुने अनुदान रकम साथै नगरपालिकाको जग्गा बिक्रीसमेत गरी स्रोत व्यवस्थापन गरिने बताइएको छ ।

उपप्रमुख जोशीले नगरवासी जनताको भावनाबमोजिम विभिन्न शैक्षिक विकास र शिक्षा क्षेत्रका लागि ५४ करोड ४ लाख ६३ हजार रूपैयाँ अर्थात् कूल बजेटको २१.८५ प्रतिशत बजेट विनियोजन गरेको बताइन् । नगरपालिकाले ख्वप अस्पताललाई आधुनिक सुविधा सम्पन्न बनाउन र अस्पतालको स्तरीकरणका लागि पाँच करोड रूपैयाँ र खँचापुखु स्वास्थ्य चौकी निर्माणका लागि आगामी आवमा सम्पन्न गर्नेगरी ७५ लाख रूपैयाँ बजेट विनियोजन गरेको छ । स्वास्थ्य क्षेत्रका लागि भक्तपुरले आगामी आवको बजेटमा १० करोड ३७ लाख ५० हजार रूपैयाँ विनियोजन गरेको छ ।

भक्तपुरमा रहेको मूर्त र अमूर्त सम्पदाको संरक्षणलाई निरन्तरता दिँदै ऐतिहासिक र धार्मिक महत्त्व बोकेका विभिन्न स्थानका घाट सुधारका लागि गुरुयोजना बनाई अगाडि बढाउन ३७ लाख ५० हजार रूपैयाँ विनियोजन गरेको छ । थन्थु दरबार पुनर्निर्माणका लागि तीन करोड रूपैयाँ, लयकु पाहाँ छेँका लागि ८५ लाख रूपैयाँ र भनपा-४ स्थित इखालाछी मठ पुनर्निर्माणलाई एक करोड ६० लाख रूपैयाँ बजेट विनियोजन गरेको छ ।

यस्तै, इन्द्रायणी द्योछेँ पुनर्निर्माण कार्य आगामी आवसम्ममा सम्पन्न गर्नेगरी ३० लाख रूपैयाँ बजेट विनियोजन गरेको छ । सिद्धपोखरी पेटी पुनर्निर्माणका लागि एक करोड रूपैयाँ, दही विनायक द्योछेँ पुनर्निर्माणका लागि ५० लाख रूपैयाँ र इशानेश्वर मन्दिर निर्माणका लागि ३० लाख रूपैयाँ, रात्रिकालीन बत्ती व्यवस्थाका लागि एक करोड रूपैयाँ बजेट विनियोजन गरेको छ । सम्पदा पुनर्निर्माण तथा संस्कृति संरक्षणमा आगामी आवका लागि १२ करोड ६८ लाख ५० हजार रूपैयाँ विनियोजन गरेको छ ।

कृषि क्षेत्रअन्तर्गत नगरको उपयुक्त स्थानमा आधुनिक पशु बधशाला निर्माणका लागि २५ लाख रूपैयाँ, शीतभण्डार गृह निर्माण सञ्चालनका लागि एक करोड रूपैयाँ र तरकारीबजार निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउन ३० लाख रूपैयाँ बजेट विनियोजन गरेको छ । नगरभरका नागरिकलाई पानी घरघरमा पुऱ्याइ खानेपानीको समस्या समाधान गर्न ५० लाख रूपैयाँ बजेट विनियोजन गरेको छ भने वातावरण तथा सरसफाइका लागि २० करोड २२ लाख रूपैयाँ, पर्यटन प्रवर्द्धनमा चार करोड ९० लाख रूपैयाँ विनियोजन गरेको छ ।

अरनिको सभा भवन निर्माण निरन्तरताका लागि १४ करोड ९० लाख रूपैयाँ, देको मिवा इतापाके जग्गा एकीकरणका लागि चार करोड रूपैयाँ, भार्वाचोमा बहुउद्देशीय भवन निर्माणका लागि एक करोड २५ लाख रूपैयाँ, पार्किङस्थलको व्यवस्थातर्फ ६० लाख रूपैयाँ बजेट विनियोजन गरेको छ ।

खेलकुदअन्तर्गत खेलकुदको नियमित प्रशिक्षणका लागि एक करोड रूपैयाँ, पौडी प्रशिक्षण केन्द्रका लागि ५० लाख रूपैयाँ, सहिद स्मृति खेलमैदान निर्माणका लागि एक करोड रूपैयाँ, माहेश्वरी खेल मैदानलाई दुई करोड रूपैयाँ बजेट विनियोजन गरेको छ ।

सीपमूलक तालिमका लागि २५ लाख रूपैयाँ बजेट विनियोजन गरेको छ । क्यान्सर, मुटुरोग, मस्तिष्कघात, स्पाइनल कर्ड इन्जुरीजस्ता दीर्घरोग लागेका बिरामीलाई नगरपालिकाबाट दिँदै आएको १५ हजार रूपैयाँ आर्थिक सहयोगलाई निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था गरेको छ । विविध योजना तथा कार्यक्रमतर्फ नौ करोड १४ लाख रूपैयाँ विनियोजन गरेको छ ।

# सीमान्तकृत समुदायका लागि सुरक्षित आवासमा पहुँच बढाउन जोड

**काठमाडौं (प्रस)–** आवाससम्बन्धी संविधानप्रदत्त अधिकार प्राप्तिका लागि सीमान्तकृत समुदायको सुरक्षित आवासमा पहुँच वृद्धि गर्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन् । सहरी विकास मन्त्रालय र लुमन्ती आवासका लागि सहयोग समूहको संयुक्त आयोजनामा आइतबार ललितपुरमा भएको सीमान्तकृत समुदायका लागि आवास पहुँचसम्बन्धी राष्ट्रिय गोष्ठीका वक्ताहरूले आवासको हक कार्यान्वयनका लागि सबै निकायले भूमिका बढाउनुपर्नेमा जोड दिएका हुन् ।

कार्यक्रममा सहरी विकास मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देलले संविधानले नै आवासको हकलाई मौलिक हकमा समावेश गरिसकेकाले आवास नहुनेहरूका लागि आवासको हक प्राप्त गर्नु महत्त्वपूर्ण हुने र सरकारले सहरी विकास नीतिअनुरूप आवास निर्माणलाई जोड दिइरहेको बताए ।

अहिले कानुनलाई समयसापेक्ष बनाउने क्रममा सहरी विकास विधेयक बनाउँदै गरेको जानकारी दिँदै सचिव सिग्देलले सरकारले कोही पनि आवासविहीन नहुनेगरी सर्वेक्षण गर्न लागेको पनि जानकारी दिए । उनले संयुक्त आवाससम्बन्धी कानुन संशोधनको चरणमा रहेको बताए ।

कालिका नगरपालिकाका प्रमुख विनोद रेग्मीले सीमान्तकृत समुदायलाई आवासमात्रै बनाएर नहुने, उनीहरूका लागि रोजगारी र आयआर्जनका कार्यक्रम सँगसँगै लैजानुपर्नेमा जोड दिए । उनले कतिपय क्षेत्रमा आवास उपयोग नभएको अवस्थामा त्यसलाई ध्यान दिन सुझाव दिए । सहरी विकास तथा भवन निर्माण विभाग काठमाडौंका महानिर्देशक मचाकाजी महर्जनले सबै निकायको समन्वयमामात्रै आवासको हक स्थापित गर्न सकिने बताए ।

कार्यक्रममा सीमान्तकृत समुदायका लागि आवास पहुँचसम्बन्धी विभाग र लुमन्ती आवासका लागि सहयोग समूहबीच त्रिवर्षीय सम्झौता भएको छ । उक्त सम्झौतामा विभागका महानिर्देशक महर्जन र लुमन्तीकी कार्यकारी निर्देशक लजना मानन्धरले हस्ताक्षर गरे । कार्यक्रममा लुमन्ती आवासका लागि सहयोग समूहकी अध्यक्ष गुजेश्वरी श्रेष्ठले कुनै पनि कार्यक्रम सुरुआत गर्न सजिलो तर कार्यान्वयनमा कठिन हुने गरेको बताइन् ।

# पूर्ववडाध्यक्ष तथा आयुर्वेदिक चिकित्सक वैद्यको निधन



**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिका–८ का पूर्ववडाध्यक्ष एवं पशुपति आर्यघाट सेवा केन्द्रका आयुर्वेदिक चिकित्सक सुवर्ण वैद्यको निधन भएको छ । गत मंगलबार त्रिशुल जात्राको भोज खाएर फर्कने क्रममा दुर्घटनामा परेका वैद्यको शनिबार राति उपचारकै क्रममा निधन भएको हो । आइतबार नै उनको पशुपति आर्यघाटमा अन्तिम दाहसंस्कार गरिएको छ ।

वि.सं. २००६ असार १५ गते जन्मिएका वैद्यको उपचारको क्रममा ७६ वर्षको उमेरमा निधन भएको पारिवारीक स्रोतले जनाएको छ । उनले बिरामी भएर अन्तिम अवस्थामा पशुपति पुऱ्याइएकाहरूलाई आर्युर्वेदिक औषधि खुवाएर उपचार गर्दै आएका थिए । थुप्रै बिरामीले उनको उपचार पाएर नयाँ जीवन पाएका जानकारहरू बताउँछन् । वैद्य काठमाडौं महानगरपालिका वडा नम्बर ८ का पूर्वअध्यक्षसमेत हुन् । उनी २०४६ र २०६३ सालमा वडाध्यक्ष भएका थिए । वैद्यको निधनको शोकमा आइतबार वडाअन्तर्गतका कार्यालयहरूमा सार्वजनिक बिदा दिइएको थियो । दाहासंस्कारअघि वैद्यको शवलाई श्रद्धाञ्जलीका लागि वडा कार्यालय प्रांगणमा राखिएको थियो । स्वर्गीय वैद्यका श्रीमती, दुई छोरी र दुई छोरा छन् ।


## साउदीमा रोजगार

कम्पनी : HORIZON TRADING COMPANY.

पूर्व स्वीकृति मिति : २०८२/03/0८ | LT. No. 325966 | चलानी नं. ६०२३९९०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | STORE LOADER | 5 | 0 | 1000 | ३६,९२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १६ गते (30th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०८८/०७३/०७४

Al Noor Overseas Pvt. Ltd

Samakhushi-26, Kathmandu, Nepal Phone : +977-4983094, 4960824

E-Mail : operation.alnoor@gmail.com, mktmp.alnooroverseas@gmail.com, Website : www.alnooroverseas.com

## कुवेत/साउदीमा रोजगार

कम्पनी : DERAYAH KUWAIT COMPANY FOR SUPPLY READY MEALS | सेवा शुल्क : नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८२/०२/०२ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/03/0८ | LT. No. 323647 | चलानी नं. ६०२३९९०७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Indoor | 20 | 0 | 85 | ३८,४४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Waiter | 14 | 0 | 120 | ५४,२८० | | | | | | | |

कम्पनी : RAWAD RESOURCES OPERATION AND MAINTENANCE EST. | शेवा शुल्क: १0,000

पूर्व स्वीकृति मिति : २०८२/०२/२१ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/03/0८ | LT. No. 325020 | चलानी नं. ६०२३९९०६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing Worker | 1 | 0 | 1000 | ३६,९२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १६ गते (30th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)

श्रम ईजाजत नं.११४२/०७३/०७४

Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com


## Madhesh Academy
## मधेश प्रज्ञा - प्रतिष्ठान
### मधेश प्रदेश, जनकपुरधाम, धनुषा

### मधेश प्रज्ञा प्रष्ठिान कार्यालयको कार्य विवरण सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०८२/०३/०९)

मधेश प्रज्ञा प्रतिष्ठान प्रदेशको भाषा, साहित्य, कला, संस्कृति, गीत/सङ्गीत र नाट्यकलाको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले स्थापित एक महत्वपूर्ण संस्था हो । यस प्रतिष्ठानको प्रमूख कार्यहरु निम्नानूसार रहेको हुँदा सम्बन्धीत सरोकारवालाहरूमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**भाषा/साहित्यको संरक्षण र उत्थान** : प्रतिष्ठानले मधेश प्रदेशमा बोलिने ८९ मातृभाषाको संरक्षण र विकासका लागि काम गर्दै आएको छ । यसका लागि विभिन्न कार्यक्रमहरु आयोजना गर्दै, स्थानीय भाषाहरूको शब्दकोश र व्याकरण निर्माण गर्ने योजना बनाएको छ । साथै, छ वटा विधामा सुझाव संकलन गरी विधागत सुधारका लागि कार्य गरिरहेको छ ।

**अनुसन्धान र प्रकाशन**: प्रतिष्ठानले मधेशको इतिहास लेखनको प्रक्रिया सुरू गरेको छ र निकट भविष्यमा हस्तकलाको प्रदेश स्तरीय प्रतियोगितात्मक प्रदर्शनी गर्ने योजना बनाएको छ ।

**सांस्कृतिक कार्यक्रम** : प्रतिष्ठानले मिथिला चित्रकला, मुर्तिकला, लोकगीत, लोकनृत्य र वाद्ययन्त्रहरूको संरक्षण र प्रवर्द्धनमा विशेष ध्यान दिएको छ ।

**अन्तरसंवाद र छलफल** : प्रतिष्ठानले विभिन्न जिल्लामा अन्तरसंवाद कार्यक्रमहरु आयोजना गर्दै, स्थानीय स्रष्टा र संस्कृतिविद्हरूसँग छलफल गर्दै आएको छ । यसका उद्देश्यहरूमा विधागत सूधारका लागि सूझाव संकलन गर्नु र स्थानीय प्रतिभाहरूलाई उजागर गर्नु समावेश छन् ।

**प्रतिष्ठानको उद्देश्यहरू**

**अनूसन्धान कार्य**: भाषिक, सांस्कृतिक, ऐतिहासिक र साहित्यिक पक्षमा अनूसन्धान र अध्ययन ।

**प्रकाशन**: पत्रिका, पूस्तक, लेख, अनूसन्धान प्रतिवेदन तथा मधेशी भाषा-साहित्यका कृतिहरु प्रकाशित गर्नु ।

**पूरस्कार तथा सम्मान**: मधेश क्षेत्रमा विशेष योगदान दिने व्यक्तिहरूलाई सम्मान तथा पूरस्कार वितरण ।

**संग्रहालय तथा अभिलेखालय**: मधेश क्षेत्रको सांस्कृतिक सामग्रीहरूको संग्रह र प्रदर्शन ।

**कार्यक्रम आयोजना**: वार्षिक सम्मेलन, संस्कृति मेला, कविता गोष्ठी, नाटक महोत्सव, आदि ।

**भाषा प्रवर्द्धन**: स्थानीय भाषाहरूमा शिक्षा सामग्री विकास तथा भाषा सम्बन्धी कार्यशाला ।

• कला, भाषा, संस्कृति र साहित्यको संरक्षण र प्रवर्द्धन गर्नु । • प्रदेश भित्रका विभिन्न जातजाति, समूदाय, परम्परा र लोकसंस्कृतिको अध्ययन, अनूसन्धान र दस्तावेजीकरण गर्नु । • भाषिक विविधता (जस्तै मैथिली, मगही, भोजपूरी, अवधी, थारु, उर्दु, बज्जिका आदि) को संरक्षण र विकासमा टेवा पूऱ्याउनू । • लेखक, साहित्यकार, कलाकार र बौद्धिक व्यक्तित्वहरूलाई प्रोत्साहन दिनू । • शैक्षिक गोष्ठी, संगोष्ठी, सेमिनार तथा प्रशिक्षण कार्यक्रमहरु आयोजना गर्नु । • सांस्कृतिक सम्पदाहरूको अभिलेखीकरण र संग्रहालयको निर्माणमा सहयोग गर्नु ।

**भाषा, साहित्य, कला, संस्कृति र लोकनृत्य समूदायको आत्मा हून् । यी मनोरञ्जनका साधन होइनन्, यी त पूस्तौदेखि हस्तान्तरित परम्परा, मूल्य र इतिहासका संवाहक हून् । हामीले यिनको संरक्षण गर्नु भनेको अस्तित्व र पहिचान जोगाउनू हो ।**

• कला आत्माको अभिव्यक्ति हो । • संस्कृति जीवनशैलीको परिचय हो । • भाषा विचारको स्वर हो । • साहित्य समाजको दर्पण हो । • लोकनृत्य समूदायको चेतना र उत्सवको प्रतीक हो । • हामी सबैको दायित्व, स्थानीय भाषा प्रयोगलाई प्राथमिकता दिऔं । • लोककलाको अभ्यास र प्रदर्शनलाई प्रोत्साहन गरौं । • साहित्यिक कृतिहरु लेख्न, पढ्न र बाँड्न प्रेरित गरौं । • मौलिक संस्कृतिमा गर्व गरौं, यसको संरक्षणमा लागौं । • "पहिचान जोगाउन संस्कृति बचाऔं !" • "जहाँ भाषा छ, त्यहीँ भविष्य छ !" • "आफ्नो कला-संस्कृतिमा गौरव गरौं !" • "लोकनृत्य हाम्रो लोक आत्मा !" • "साहित्य पढौं, समाज बूझौं !"

**'हाम्रो भाषा हाम्रो पहिचान हो, हाम्रो संस्कृति हाम्रो शान हो।'**



## वर्ल्ड भिजन बहुउद्देश्यीय सहकारी संस्था लि.

ललितपुर १५, सातदोबाटो फोन नं: ०१-५४५०३९८, ५४३८५९८, इमेल: wrldvision398@gmail.com

### भाखा नाघेका ऋणीहरूमा ३५ दिनभित्र कर्जा चुक्ता गर्न आउने बारेको अत्यन्त जरूरी सार्वजनिक सूचना

प्रथम प्रकाशित मितिः २०८२/०३/०९

तपसिलमा उल्लेखित तपाई ऋणीले यस वर्ल्ड भिजन बहुउद्देश्यीय सहकारी संस्था लि. बाट कर्जा लिई संस्थालाई तिर्नुपर्ने सावाँ तथा व्याज रकम तपाईहरूले तोकिएको म्यादभित्र भुक्तानी नगरेको र पटक पटक मौखिक तथा लिखित रूपमा भुक्तानी गर्न अनुरोध/तरताकेता गर्दा पनि कर्जा चुक्ता /भुक्तानी नगरी कर्जा प्रवाह गर्दा यस संस्थासंग गरेको शर्त कवुलियतको उल्लघन गरेकोले कर्जाको भाका नाघेको साँवा तथा व्याज रकम संस्थाको कार्यालयमा सम्पर्क राखी अविलम्ब चुक्ता /भुक्तानी गर्नुहुन जानकारीका लागि यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र यस संस्थालाई तिर्नु बुझाउनुपर्ने सम्पूर्ण साँवा तथा व्याज रकम संस्थाको कार्यालयमा आई बुझाउन अनुरोध गरिन्छ । उक्त अबधि भित्र संस्थामा आई संस्थाबाट लिएको सावाँ, व्याज तथा अन्य दै दस्तुर चुक्ता भुक्तानी नगरेमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, सस्थाको बिनियम तथा ऋण निती र प्रचलित कानुन बमोजिम कारबाही गरी संस्थाले आफ्नो लेना रकम असूल उपर गर्नुका साथै सहकारी ऐन दफा ४० बमोजीम ऋणी तथा जमानी कर्ताको नाम समेत कालोसूचीमा समावेश गर्न सम्बन्धित कार्यालयमा सिफारीस गरी पठाईने ब्याहोरा सम्बन्धित ऋणी, जमानीकर्ता तथा हकवाला सबैलाई यो सूचना मार्फत जानकारी गराइन्छ ।

| १. ऋणीको व्यक्तिगत विवरण | ऋणीको फोटो | २. धन जमानीको व्यक्तिगत विवरण | जमानीको फोटो |
|---|---|---|---|
| नाम :- **मन्जु बन्जारा**<br>बाबुको नाम :- नत्र प्रसाद घिमिरे<br>बाजेको नाम :- रोम प्रसाद घिमिरे<br>स्थाई ठेगाना :- इकुडोल-७, ललितपुर<br>अस्थाई ठेगाना:- गोदावरी-१०, ललितपुर<br>ना.प्र.न : २८३०४१/१०२ |  | नाम :- **ज्ञानेन्द्र प्रसाद बन्जारा**<br>बाबुको नाम :- पदम प्रसाद बन्जारा<br>बाजेको नाम :- हुद्धराज बन्जारा<br>स्थाई ठेगाना :- इकुडोल-७, ललितपुर<br>अस्थाई ठेगाना :- इकुडोल-७, ललितपुर<br>ना.प्र.न : ३८७१/६०८५१ |  |
| नाम : **युवराज बजगाई**<br>बाबुको नाम:- द्रोण प्रसाद बजगाँई<br>बाजेको नाम :- चक्र प्रसाद बजगाँई<br>स्थायी ठेगाना:- चन्दनपुर-५, ललितपुर<br>अस्थायी :- गोदावरी-११, ललितपुर<br>ना.प्र.न :- ४४३४ |  | नाम : **टिका प्रसाद तिमल्सिना**<br>बाबुको नाम:- झन्ज नारायण तिमल्सिना<br>बाजेको नाम :- शेषानन्द तिमल्सिना<br>स्थायी ठेगाना:- कालेश्वर-४, ललितपुर<br>अस्थायी :- कालेश्वर-४, ललितपुर<br>ना.प्र.न :- २८-०१-०६८-०६६७१ |  |
| नाम : **गिता तिमल्सिना**<br>बाबुको नाम:- पिताम्बर भट्टराई<br>बाजेको नाम :- लिलानाथ भट्टराई<br>स्थायी ठेगाना :- भक्तिपुर-६, सर्लाही<br>अस्थायी :- बालकुमारी, ललितपुर<br>ना.प्र.न :- १९१०५१/७६२ |  | नाम : **यादव प्रसाद तिमल्सिना**<br>बाबुको नाम:- देवराज उपाध्याय<br>बाजेको नाम :- सुर्य प्रसाद तिमल्सिना<br>स्थायी ठेगाना :- भक्तिपुर-६, सर्लाही<br>अस्थायी :- बालकुमारी, ललितपुर<br>ना.प्र.न :- ८३२४१५७८ |  |
| नाम :-**देव बहादुर मगर**<br>बाबुको नाम :-वृष बहादुर मगर<br>बाजेको नाम :- धन बहादुर मगर<br>स्थाई ठेगाना :- खाँवु-२, उदयपुर<br>अस्थाई ठेगाना :-लगनखेल-१४, ललितपुर<br>ना.प्र.प.न :- ७०४१५ |  | नाम : **त्रैलोक्य श्रेष्ठ**<br>बाबुको नाम:- सानुराजा श्रेष्ठ<br>स्थायी ठेगाना :- ठैव-८, ललितपुर<br>अस्थायी ठेगाना :- ठैव-८, ललितपुर<br>ना.प्र.न : २८-०१-०६८-०६५२५ |  |
| नाम :- **राधाकृष्ण खड्का**<br>बाबुको नाम :- कृष्ण बहादुर खड्का<br>बाजेको नाम :- हसन बहादुर खड्का<br>स्थाई ठेगाना :- ईमाडोल-९, ललितपुर<br>ना.प्र.प.न :- १५७१३ |  | नाम :- **जानकी महत**<br>बाबुको नाम :- कृष्ण बहादुर खड्का<br>बाजेको नाम :- हसन बहादुर खड्का<br>स्थाई ठेगाना :- ईमाडोल-९, ललितपुर<br>ना.प्र.प.न :- ८३३९४ | |
| नाम :- **सरिता थापा**<br>बाबुको नाम :- बिष्णु प्रसाद ढकाल<br>ससुराको नाम :- मन्टु निरौला<br>स्थाई ठेगाना :- मेचीनगर-१०, झापा<br>अस्थाई ठेगाना :-सातदोबाटो-१५ ललितपुर<br>ना.प्र.प.न :- ६४३८,२५६० |  | नाम :- **उत्तम निरौला**<br>बाबुको नाम :- मन्टु निरौला<br>स्थाई ठेगाना :- मेचीनगर-१०, झापा<br>अस्थाई ठेगाना :-सातदोबाटो, ललितपुर<br>नाम :- **संगिता थापा**<br>बाबुको नाम :- लाल बहादुर थापा<br>स्थाई ठेगाना :- मेचीनगर-१०, झापा<br>अस्थाई ठेगाना :-सातदोबाटो, ललितपुर | |
| नाम :- **मन्जु पुन मगर**<br>बाबुको नाम :- प्रेमहरि घिमिरे<br>बाजेको नाम :- जित बहादुर घिमिरे<br>स्थाई ठेगाना :- जकोट-१, रोल्पा<br>अस्थाई ठेगाना :-सातदोबाटो-१५ ललितपुर<br>ना.प्र.प.न :- १०२७/३४२ |  | नाम :- **शुकु तामाङ्ग**<br>बाबुको नाम :- अनिल तामाङ्<br>स्थाई ठेगाना :- लेले-१, ललितपुर<br>ना.प्र.प.न :- ४७४३६ |  |
| नाम :- **निरज कुमार झा**<br>बाबुको नाम :- कृपानन्द झा<br>बाजेको नाम :- सर्वनारायण झा<br>स्थाई ठेगाना :- तिप्मादी-१, सप्तरी<br>अस्थाई ठेगाना :- सातदोबाटो-१५ ललितपुर<br>ना.प्र.प.न :- २७१३ |  | नाम :- **देवानन्द झा**<br>बाबुको नाम :- परमानन्द झा<br>स्थाई ठेगाना :- मउवाह, सप्तरी<br>अस्थाई ठेगाना :- बल्खु-१४<br>ना.प्र.प.न :- ४५०३ |  |
| **धन जमानीको व्यक्तिगत विवरण :**<br>नाम :- **पवन कुमार मण्डल**<br>बाबुको नाम :- जयकान्त मण्डल<br>स्थाई ठेगाना :- ब्रहमपुर-४, सप्तरी<br>अस्थाई ठेगाना :- बल्खु-१४<br>ना.प्र.प.न :- १७२१३२७३ |  | नाम :- **सत्यनारायण मण्डल**<br>बाबुको नाम :- ज्ञानदत्त मण्डल<br>बाजेको नाम :- गोविन्द मण्डल<br>स्थाई ठेगाना :- नर्घी-३, सप्तरी<br>अस्थाई ठेगाना :- बल्खु-१४<br>ना.प्र.प.न :- ३०७४ |  |

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## नारामा सुशासन, बजेटमा मिलेमतो

आगामी आर्थिक वर्षको बजेट नछर्ने नीति लिएको थियो सरकारले । यो बलशाली सरकारको अर्को नारा थियो–सुशासनको । तर अर्थमन्त्री विष्णु पौडेलले ल्याएको आर्थिक वर्ष २०८२/८३ को बजेट सरकारको नीतिको ठीक उल्टो देखिएको छ । बजेटमाथिको सैद्धान्तिक छलफलमा सत्तारुढ दलकै सांसदहरूले यस विषयमा छतछुल्ल हुनेगरी बोलेका छन् ।

सुशासनको पक्षमा उभिएको बलशाली सरकारले राष्ट्रपति कार्यालय र प्रधानमन्त्री कार्यालयका लागि, मन्त्री क्वाटरदेखि संवैधानिक निकायका प्रमुखहरूका लागि विभिन्न शीर्षकमा मोटो रकम विनियोजन गरेको छ । विलासी वस्तु फ्रिज, गिजर, टेलिभिजन, वासिङ मेसिन, ल्यापटपजस्ता सामग्री खरिद शीर्षकमा प्रधानमन्त्रीदेखि न्यायाधीश कार्यालयसम्म करोडौं बजेट विनियोजन गरिएको पाइएको छ । प्रधानमन्त्री कार्यालयमा यसका लागि एक करोड ३७ लाख रूपैयाँ बजेट सहरी विकास मन्त्रालयबाट छुट्याएको छ ।

राष्ट्रपति भवनको मर्मतकै लागि पनि करिब आठ करोड रूपैयाँ बजेट विनियोजन गरिएको छ । यसैगरी उपप्रधान तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले आफ्नो बुबा गणेशमानको नाममा देशका विभिन्न स्थानमा पार्क, खेलमैदान, भवन बनाउन ७५ करोड रूपैयाँ विनियोजन गरेको पाइएको छ । यो रकम गणेशमानको नाममा विनियोजन गरे पनि अन्ततः कार्यकर्ता पोस्नकै लागि निकासा हुने हो । आफ्नो पार्टीको भ्रातृ संगठन, स्वकीय सचिव, आसेपासेले तयार पारिदिएको परियोजनाका लागि मन्त्रीले यसरी बजेट छर्नु सुशासनको धज्जी उडाउनु हो ।

हुन त अचम्म पनि केसम्म गरेका छन् भने यसरी नै बजेट मनपरि छर्ने मन्त्रिपरिषद्कै सदस्यहरू राखेर सरकारले उच्चस्तरीय सुशासन समिति गठन गरेको छ । आफ्नै क्षेत्रमा बजेट लानु, त्यो पनि बुबाआमाको नाममा कार्याकर्ता पोस्न । तीन करोड रूपैयाँभन्दा कमको आयोजनामा संघले बजेट नछुट्याउने भन्ने नीतिविपरीत लाखमा झारेर योजनामा बजेट विनियोजन गर्नु लाजमर्दो विषय हो ।

सदनमा बोल्ने धेरैजसो सांसदले आफ्नो क्षेत्र र आफूले भनेको बजेट नपरेकोमा रोष पोखेका छन् । आफूलाई परेकाहरू भने गद्गद् भएर बसेका हुन् । बजेट पर्दा हिजोआज बोल्नेहरू नबोलेको देखेकै विषय हो । यसरी आफूलाई नपर्दा आलोचना गर्ने भन्दा पनि यो शैलीको विरोध गर्नुपर्छ । आफूलाई नपर्दा तथानाम भन्ने र पर्दा मौन बस्ने हैन । यस्तै हुँदै जाने हो भने भोलि घरघरबाट बजेट माग्नुपर्ने अवस्था आउन सक्छ ।

श्रम सरोकार

## निर्माण क्षेत्रमा काम गर्दा अपनाउनुपर्ने सावधानी

वैदेशिक रोजगारीमा गएका धेरै नेपालीहरू निर्माण क्षेत्रमा कार्यरत छन् । निर्माण क्षेत्रमा काम गर्दा विशेष सतर्कता अपनाउनुपर्ने हुन्छ । किनभने हरेक क्षण जोखिममा काम गर्नुपर्छ । निर्माण क्षेत्रमा काम गर्ने कामदारहरूले सुरक्षा सावधानीका आवश्यक सबै नियमहरूको पूर्ण पालना गर्नुपर्दछ, जसमा न्यूनतम् यी कुराहरू पर्दछन्:

- हातमा पञ्जा वा कामको प्रकृति सुहाउँदो, टाउकोमा हेलमेट खुट्टामा सेफ्टी सुज (स्टिल टो भएको जुत्ता), पूरै शरीर ढाकिने युनिफर्म, आँखामा सेफ्टी ग्लास (चस्मा), मुखमा मास्क (धूलो हुनेमा अनिवार्य), कानमा इयर प्लग (ठूलो आवाज हुनेमा अनिवार्य) सामान्यतया प्रयोग गरिने न्यूनतम उपकरणहरू हुन् । यिनका अतिरिक्त स्काफोल्डिङ प्रयोग गरिने उचाई या गहिराइका काममा डोरीसहितको विशेष सेफ्टी ज्याकेट र बेल्ट, स्याण्ड ब्लास्टिङ गर्दा ब्लास्टिङका विशेष उपकरण जस्तै विशेष काममा विशेष (अतिरिक्त सुरक्षा) उपकरणहरू प्रयोग गर्ने ।
- काम गर्ने ठाउँमा आगो नियन्त्रणका लागि एकजना रेखदेख गर्ने व्यक्ति र सुरक्षा सावधानी हेर्ने छुट्टै सेफ्टी सुपरभाइजर पनि अनिवार्य रहनुपर्ने नियम नै हुन्छ, उक्त नियमको पालना गर्ने ।
- कम्पनीको काम व्यक्तिगत काम जस्तो आफूखुसी गर्नु हुँदैन, ठूला कम्पनीहरूका प्रायः काममा हरेक दिन काम सुरू गर्नुअघि अनुमति लिनुपर्ने सिस्टम हुन्छ, यस्तो पर्मिट दिनुअघि काम गर्ने स्थल सुरक्षित छ छैन जाँच गर्नुपर्छ ।
- काममा प्रयोग हुने सबै उपकरणहरू दुरूस्त हुनुपर्दछ, जाँचेर सुरक्षित भएको ट्याग नै लगाइएको हुनुपर्दछ । साथै गाडी चालक तथा अपरेटरहरू पनि लाइसेन्स होल्डरहरू हुनुपर्दछ ।
- आफूले नजानेको, नबुझेको या नसक्ने काम गर्नुहुँदैन, पहिले सिकेर दक्ष र सक्षम बन्नुपर्दछ ।
- शारीरिक र मानसिकरूपमा अस्वस्थ रहेको बेला काम गर्नु हुँदैन, आराम गरी पहिला स्वस्थ बन्नुपर्दछ ।
- ठूलो हावाहुरी चल्दा, पानी पर्दा या अरू कुनै प्रदूषण फैलिएको असामान्य र असुरक्षित अवस्थामा काम गर्नु हुँदैन ।
- काम गर्दा अचानक कुनै दुर्घटना हुन गए, कुनै हानि नोक्सानी हुन गए या अप्रत्यासितरूपमा प्रतिकूल अवस्था सिर्जना भए तुरून्त आफूभन्दा सिनियरलाई खबर गरी समाधान खोज्नुपर्दछ । कुनै शंका लागे सोध्नुपर्छ । अन्दाजमा कुनै काम गर्नु हुँदैन ।

# डिजिटल अर्थतन्त्रको सम्भावना र राज्यसँग अपेक्षा



■ कर्भिका थापा

नेपालमा हामीले इनोभेसन त खोतलेकै छैनौं । इनोभेसनका लागि हामी नेपाली कम्पनी जसले विश्वप्रख्यात् कम्पनीसँग काम गरेको अनुभव छ । हाम्रा डेभलपरहरूले त्यहींबाट नयाँ-नयाँ स्टार्टअप, आइडिया वा इन्नोभेसनमा आफूलाई तयार गर्न सक्छन् । जसले नेपालको अर्थतन्त्रमा योगदान पुग्छ । त्यतिमात्रै नभएर ग्लोबल अर्थतन्त्रसम्म आफ्ना प्रडक्ट निर्यातसम्म गर्न सक्छन् ।

प्रविधिकै कारण फड्को मार्न हामीलाई अर्को ३० वर्ष लाग्छ भन्ने होइन । प्रविधिको विकाससँगै पछिल्लो समय तीव्र चर्चा पाइरहेको आर्टिफिसियल इन्टेलिजेन्स (एआई)ले गर्दा अबको पाँचदेखि १० वर्षमा नेपाल ठूलो आइटी उद्योगको रूपमा विकास हुन सक्छ । जसले नेपालको ऊर्जा क्षेत्रलाई पनि उछिन्न सक्ने सम्भावना देख्छु । त्यो क्षमता हामीसँग छ ।

नेपालका अधिकांश टेक कम्पनीहरू सानो स्केलका छन् । दुई हजार कर्मचारीभन्दा कम नै छन् । टेक ग्रोथको एकदमै सुरुआती चरणमा छौं । तर, सुरुआती चरण भन्दै गर्दा भर्खर सुरु गरिएको भन्ने होइन । सन् १९९० को अन्तिमतिर नै नेपाल सूचना प्रविधिको क्षेत्रमा निकै अघि बढिसकेको थियो । त्यतिबेला स्टार्टअप, सफ्टवेयर डेभलपमेन्टमा एकदमै राम्रो गर्दै थियौं । तर, ऊर्जा संकट (लोडसेडिङ), माओवादी युद्धलगायतका विविध कारणले यी सबै काम रोकिए । ग्रो गर्न सकेनौं । एकदमै कम कम्पनीमात्रै यसबाट जोगिए । जसका कारण नेपाललाई स्टार्टअप, सफ्टवेयर डेभलपमेन्टलगायतको विषयमा उपयुक्त गन्तव्यकोरूपमा हेरिएन । सरकारले पनि त्यो वातावरण बनाउन सकेन, जनशक्ति र स्रोतलाई जोगाउन सकेनौं, निजी क्षेत्रले काम गर्ने हिम्मत पनि गरेन ।

त्यसैले हामी सुरुआतमा छैनौं, यो व्यवसायमा लागेको लामो समय भइसक्यो । त्यसैले त नेपाली युवाहरू पनि ठूला कम्पनीहरू गुगल, फेसबुक, अमेजनलगायतमा वरिष्ठ तहमा काम गरिसकेका छन्, गर्दै छन् । म आफैं पनि नेपालको सूचना प्रविधि क्षेत्रमा २० वर्षभन्दा बढी समयदेखि क्रियाशील छु । हामीले नेपालको सूचना प्रविधि उद्योग ५० करोडबाट सुरु गरेता पनि ग्रोथ गर्न सक्यौं भने यो आँकडालाई तेब्बरले बढाउन हामी तयार हुनुपर्छ । दुई-तीन वर्षमा यो लक्ष्य चुम्न सक्छौं ।

यी सबै पक्षभन्दा अघि आइटी क्षेत्रले अर्थतन्त्रमा छोड्ने प्रभाव बुझ्न जरुरी छ । विदेशी मुद्रा देशमा भित्र्याउने त छँदै छ । कुनै समय विदेशी मुद्रा सञ्चिति रित्तिने अवस्थामा पुगेर आयात नै रोक्नुपर्ने स्थितिमा पुगेका थियौं । श्रीलंकाकै बाटोमा पुगेका थियौं । अहिले जसरी विदेशी मुद्रा सञ्चिति निकै बढेको छ, मलाई लाग्छ सूचना प्रविधि क्षेत्रले त्यसमा ठूलो भूमिका खेलेको छ । तर, यतिमात्रै होइन ।

### आइटीको स्रोत भनेकै जनशक्ति

सूचना प्रविधि क्षेत्रले प्रत्यक्षरूपमा समुदायमै प्रभाव पार्छ । आइटी सेक्टरको कच्चा पदार्थ वा भनौं स्रोत भनेकै जनशक्ति हो । यो न्यूनतम लागतमा तयार पार्न सकिन्छ । जस्तो पर्यटनको कुरा गर्दा होटल निर्माण गर्न निकै ठूलो पुँजी चाहिन्छ । निर्माणपछि त्यसको व्यवस्थापन, मार्केटिङ, मर्मतसम्भारमा पनि ठूलै पुँजी आवश्यक पर्छ । तर, आइटी कम्पनीको कुरा गर्दा एकदमै छिटो तयार गर्न सकिन्छ । खर्च नै कम पर्छ । सँगै त्यसबाट आयआर्जन गरेर प्रत्यक्षरूपमा अर्थतन्त्रमै जान्छ ।

कुनै पनि आइटी कम्पनीको मुख्य खर्च भनेकै कर्मचारीको तलबभत्ता हो । कुनै पनि आइटी कम्पनीको ५०-६० प्रतिशत आम्दानी कर्मचारीको तलबभत्ता शीर्षकमा जान्छ । कर्मचारीको तलबभत्ता भनेको 'डिस्पोजेबल इन्कम' हो । टेक करिअर भनेको निकै कम उमेरमा सुरु गर्न सकिन्छ । सानै उमेरमा घर बनाइहालौं, जग्गा किनिहालौं भन्ने सोच विकास भएको हुँदैन । उसको सोच भनेको गुणस्तरीय खाना खाउँ, एक्पेरियन्सियल ट्राभल गरौं जस्तो हाइकिङ, ट्रेकिङलगायतमा हुन्छ । जसरी हुन्छ, आफ्नो लाइफस्टाइल राम्रो गरौं भन्नेतिर खर्चिन्छ ।

आइटी क्षेत्रमै काम गर्ने भनेपछि अलि राम्रो कम्प्युटर किनौं भन्ने हुन्छ । 'वर्क फ्रम होम' गर्न गतिलो इन्टरनेटका साथै राम्रो लुगा तथा मोटरसाइकल चढौं भन्ने ध्यान हुन्छ । त्यसैले कर्मचारीले कमाएको ६० प्रतिशत त सीधै अर्थतन्त्रमा जान्छ । त्यो कर्मचारी बस्ने वरपरका भेण्डरदेखि अन्यमा आर्थिक गतिविधि बढाउन मद्दत पुग्छ । बजारमा डिमाण्ड भएन भनेर चौतर्फी गुनासो भइरहेको अवस्थामा आइटी क्षेत्र भने त्यसलाई बढाउन प्रत्यक्ष भूमिका खेलिरहेको छ ।

सूचना प्रविधि क्षेत्र यस्तो हो जुन संसारभर एउटै छ । एउटै भाषा छ । एउटै तरिका छ । त्यो सीप हामीले नेपालमै छिटो उत्पादन गर्न सक्छौं । किनभने हामीसँग युवा जनशक्ति बल्कमा छ । हामीले झण्डै ५०० जनालाई एउटै ठाउँमा राखेर तालिम दिन सक्छौं । उदाउँदो प्रविधिमा उनीहरूलाई पोख्त बनाउन सक्छौं । ३० हजार जनशक्ति हामीले एआईमा तयार गर्ने हो भने विश्वभरको स्रोत नै नेपाल आउँछ नि । त्यो क्षमता छ ।

यसमार्फत हामी विश्व अर्थतन्त्र र इन्नोभेसनमा योगदान पुऱ्याउन सक्छौं । अहिले पनि नेपालका आइटी कम्पनीहरू विश्वका ठूला टेक कम्पनीसँग जोडिएका छन् । हामी नै पनि अमेरिकी कम्पनीसँग काम गरिरहेका छौं । ती कम्पनीहरूको इन्नोभेसनमा नेपालबाट प्रत्यक्ष योगदान पुगिरहेको छ । सीप भयो भने जहाँ बसेर पनि विश्वस्तरीय कम्पनीहरूमा उसले योगदान पुऱ्याउन सक्छ । सीप भयो भने कुनै पनि व्यक्ति जहाँ पुगेर पनि काम गर्न सक्छ । अरु फिल्डमा यति छिटो सीप सिकेर विश्वको जुनसुकै क्षेत्रमा पुग्न त्यति सजिलो छैन जस्तो लाग्छ ।

तेस्रो भनेको नेपालमा हामीले इनोभेसन त खोतलेकै छैनौं । इनोभेसनका लागि हामी नेपाली कम्पनी जसले विश्वप्रख्यात् कम्पनीसँग काम गरेको अनुभव छ । हाम्रा डेभलपरहरूले त्यहींबाट नयाँ-नयाँ स्टार्टअप, आइडिया वा इन्नोभेसनमा आफूलाई तयार गर्न सक्छन् । जसले नेपालको अर्थतन्त्रमा योगदान पुग्छ । त्यतिमात्रै नभएर ग्लोबल अर्थतन्त्रसम्म आफ्ना प्रडक्ट निर्यातसम्म गर्न सक्छन् ।

अर्को भनेको 'ब्रेन गेन' को विषय हो । भारत, बंगलादेशले पनि आफ्नो जनशक्तिलाई सिलिकन भ्यालीलगायतबाट बोलाएर नै स्वदेशमा इन्नोभेसन सुरु गर्न फिर्ता लगेका छन् । 'ब्रेन ड्रेन'बाट नआत्तिकन ब्रेन ग्रेनतिर आइटी उद्योगले ड्राइभ गर्न सक्छ । अरु क्षेत्रमा यो गर्न निकै कठिन छ ।

### सरकारले के गर्न सक्छ ?

सबैभन्दा पहिले भनेको राज्यले स्रोत वा जनशक्तिमै केन्द्रित हुनुपर्छ । नेपालले जुन स्रोतमा लगानी गर्नुपर्ने हो त्यो न राज्यले गर्न सकेको छ, न निजी क्षेत्रले वा दातृ निकायले नै । हरेक मिनेट त्यसको क्षति पुगिरहेको छ । विश्व नै एआईको जनशक्ति खोजिरहेको छ । तर, हामीले पनि जनशक्ति तयार गर्न सकेका छैनौं । यसका लागि संघ, प्रदेश र स्थानीय सरकारले मिलेर काम गर्नुपर्छ । साथै सरकारले मात्रै नभएर सबै क्षेत्र यसमा लाग्नुपर्छ । यो भनेको 'डिस्रप्टिभ इमर्जिङ' सेक्टर हो । यो भनेको ठूला-ठूला ठाउँमा कम्पनीहरूको पहुँच हुन्छ ।

आफ्ना सेन्टर स्थापना गरिएका हुन्छन् । तर, केही त्यस्ता क्षेत्र जहाँ कम्पनीहरूको पहुँच हुँदैन त्यसलाई नै डिस्रप्टिभ इमर्जिङ क्षेत्र भनेर वर्गीकरण गरिन्छ । ती क्षेत्रहरूका लागि छुट्टै कार्यक्रम वा अभियान सञ्चालन हुन्थे । कुनै प्रडक्ट हामीले संसारभर लञ्च गर्दै छौं भने अमेरिका, अस्ट्रेलिया, बेलायत वा युरोपमा एउटा रणनीति हुन्छ तर, इमर्जिङ सेक्टरका लागि छुट्टै रणनीति तयार गरिन्छ । छुट्टै सेल्स टिम खडा गर्ने गरिन्छ । किनभने सेन्टर भएका ठाउँमा त उसको जनशक्ति हुन्छ तर, इमर्जिङ सेक्टरमा त हुँदैन । त्यसैले सेल्स बढाउन ती क्षेत्रमा त लगानी गर्नुपऱ्यो । त्यसैले नेपालमा पनि राज्यले सूचना प्रविधि क्षेत्रलाई विशेषरूपमा हेर्नुपर्छ । यो सामान्य कुरा होइन । बजेटबाट गर्छु भनेर मात्रै पुग्दैन । हरेक मन्त्रालय, हरेक प्रदेश, हरेक स्थानीय तह एकजुट भएर लाग्नुपर्छ । दातृ निकायहरूलाई पनि सरकारले बनाएर नेपालको आइटी उद्योगमा सहभागी हुनुपऱ्यो भन्दै अनुरोध गर्नुपर्छ । यस्तै, स्कुल, कलेजहरूलाई पनि सामेल गराउनुपर्छ ।

सरकारले आइटी उद्योगलाई सबैभन्दा बढी सम्भावना भएको क्षेत्रको रूपमा परिभाषित गरेर हरेक तह र तप्कामा महत्त्व बुझाउँदै जानुपर्छ । सबैजना सूचना प्रविधि क्षेत्रमा आफ्नो करिअर नबनाउलान् तर विद्यालय शिक्षामै सूचना प्रविधिबारे एक्पोजर हुनुपर्छ । स्थानीय तहले त्यसलाई कसरी अघि बढाइरहेको छ भनेर समीक्षा तथा मूल्यांकन हुनुपऱ्यो । मैले सुनेको छु कि एउटा सरकारी विद्यालयमा १० जना विद्यार्थीका लागि एउटा कम्प्युटर छ । जसलाई अलिअलि कम्प्युटर चलाउन आउँछ उसले मात्रै त्यसको उपयोग गर्छ । यो स्तरदेखि नै ज्ञान र सीप विकास हुनुपर्छ । स्कुल स्तरदेखि गुणस्तर बढाउन विज्ञलाई सामेल गर्ने र पाठ्यक्रमलाई सूचना प्रविधिमैत्री बनाउन स्थानीय तह बढी जिम्मेवार बन्नुपर्छ । कम्प्युटरसम्बन्धी कक्षामा महिलाको सहभागिता सुनिश्चित गर्नुपर्छ । किनभने स्थानीयस्तरबाटै इनोभेसन आउने हो ।

प्रदेशको हकमा उसले आफ्नो क्षेत्रका सबै स्थानीय तहको रिपोर्टिङ हेर्नुपर्छ । स्थानीय तह कता बढी इनोभेसन भइरहेको त्यसलाई प्रदेशले पछ्याउनुपर्छ । त्यसलाई बढाउन र देशव्यापी बनाउँदै अरु प्रदेशका पालिकाहरूसँग समन्वय गर्ने काम प्रदेशले गर्नुपर्छ । आवश्यक परे संघ सरकारलाई पनि त्यसमा सामेल गराउने वातावरण प्रदेशले गर्नुपर्छ । सक्सेस स्टोरीहरूलाई अरु पालिकामा पनि पुऱ्याउनुपर्छ । प्रदेशको भूमिका रोजगारीमूलक उत्पादनमा ध्यान दिनुपर्छ । प्रदेश सरकारले कस्तो-कस्तो कम्पनीलाई कस्ता कर सहुलियत दिएर कसरी भित्र्याउँ भन्नेमा ध्यान दिनुपर्छ । संघअन्तर्गत रहेका ठूला आइटी कम्पनीमध्ये चार/पाँच वटा आफ्नो प्रदेशमा ल्याउँछु भन्ने लक्ष्य प्रदेशसँग हुनुपर्छ ।

अब संघीय सरकारले प्रदेशसँग समन्वय गर्नेपऱ्यो । उसले देशभित्रकासँग मात्रै सम्बन्ध बनाएर पुग्दैन, अन्तर्राष्ट्रियस्तरमा प्रभाव जमाउनुपऱ्यो । नेपालका आइटी उद्योगले उत्पादन गरेका प्रडक्ट निर्यात र बजार खोज्न सहज हुने नीति तथा कार्यक्रम ल्याउनुपऱ्यो । कसरी ब्राण्ड नेपाल बनाउने, कसरी नेपाललाई डिजिटल अर्थतन्त्रमा विश्वको चित्रमा राख्ने, नेपाललाई आइटीको गन्तव्य भनेर चिनाउने काम संघ सरकारले गर्नुपर्छ । किन भारत जान्छन् भन्दा उनीहरूको प्रभाव बढी छ । किन बंगलादेश जान्छन् ? बंगलादेश अहिले वैकल्पिक गन्तव्यको रूपमा विकास भएको छ । भारत मन नभए बंगलादेश जान्छन् । उनीहरूले त्यसरी आफूलाई ब्राण्डिङ गरिरहेका छन् । नेपालले पनि त्यसरी नै आफ्नो ब्राण्डिङ गर्नुपर्छ ।

संसारभर आफ्नो मार्किङसम्बन्धी योजना बनाउनुपर्छ । सरकारले आफ्ना राजदूतावासहरूलाई परिचालन गर्नुपर्छ । नेपालका उत्पादनलाई सम्बन्धित देशको बजारसम्म पुऱ्याउन र आवश्यक समन्वयका लागि दूतावास प्रयोग गर्नुपर्छ । हरेक दूतावासले नेपालको डिजिटल क्षेत्र व्यावसायिकीकरण गर्न कम्तीमा एउटा कार्यक्रम गर्न बजेट पठाउनुपर्छ । अथवा त्यहाँको कम्तीमा १० वटा टेक कम्पनीहरूलाई नेपाल ल्याउने पहल गर्नुपर्छ । त्यसैले राजदूतहरूको भूमिका ठूलो हुन्छ ।

नीतिगत तहमा भने विदेशी लगानी भित्र्याउने, करमा सहुलियत दिने काम हुन सक्छ । किनभने हामी टेक कम्पनीहरूले धेरै मान्छे नियुक्त गर्छौं । सबैले आयकर तिर्छन् । आफ्नो पारिश्रमिकबाट खरिद गर्ने वस्तु तथा सेवामा पनि कर तिरेका छन् । गाडी तथा बाइक किन्छन्, ऋण लिन्छन्, सबैमा कर तिरेका छन् । कम्पनीलाई सरकारले करमा सहुलियत दिने हो भने उसले त थप जनशक्तिलाई रोजगारी दिन्छ । यसले बेरोजगारी दर घटाउन सहयोग पुग्छ । यसले युवा पलायनलाई नियन्त्रण गर्न सघाउँछ । कर घट्दा उनीहरूकै पारिश्रमिक बढाउन सक्ने अवस्था रहन्छ । आखिर त्यो पुँजीबजारमै पुग्ने हो ।

करलगायतका नीतिगत अवरोधलाई चिर्दै धेरैभन्दा धेरै टेक कम्पनी खोल्न सरकारले वातावरण बनाउनुपर्छ । अहिले एक हजार छन् भने १० हजार पुगोस् । इनोभेसन बढ्दै जाँदा भोलि माइक्रोसफ्टले नेपालका दुई-तीन हजार कम्पनी किन्ला । सबै तहका सरकारले चलाउने इन्क्युबेसन सेन्टरमा विदेशी विज्ञ ल्याउने काम पनि संघीय सरकारले गर्नुपर्छ । स्टार्टअपहरूसँग मिटिङ गर्ने वातावरण बनाउनुपर्छ । यो नयाँ कुरै होइन । भारतकै गुड्गाउँ हाम्रा लागि सबैभन्दा नजिकको उदाहरण हो ।

हामीले जतिसक्दो धेरै विदेशी लगानी ल्याउने वातावरण बनाउनुपर्छ । बंगलादेश गएर मलाई कम्पनीमा स्वामित्व नभइ बिजनेस गर्छु भन्ने सम्भव छ त ? छैन नि । लगानीकर्ता आउनुपऱ्यो । नेपालको वातावरण बुझ्नुपऱ्यो, सिक्नुपऱ्यो । सूचनाहरू सजिलै उपलब्ध हुनुपऱ्यो । यी कारणले कुनै पनि देशमा विदेशी लगानी आउँछ । एउटा उनीहरू सजिलोसँग नेपालमा पुँजी ल्याउन सक्ने । सरकारले एकद्वार नीति भनेको छ । यसमा काम भइरहेको छ, अझै राम्रो गर्न सकिन्छ ।

यहाँ विदेशी लगानीकर्ताको पैसा सजिलोसँग निकालेर प्रयोग गर्न सकिने हुनुपऱ्यो । तेस्रो भनेको उसले पैसा लिएर जान सक्नुपऱ्यो । एक्जिट पोलिसी सहज हुनुपर्छ । म बुझ्छु एक्जिट गाह्रो छ । नेपालबाट धेरै राम्रा कम्पनीहरूले एक्जिट गरेका छन् । नगरेको होइन । त्यसलाई पनि सरकारले ब्राण्डिङ गर्नुपर्छ ।

महत्त्वपूर्ण यो पनि हुन सक्छ । सरकारले शीर्ष २० आइटी कम्पनीहरूलाई छान्यो । जसको मापदण्ड सरकारले बनाओस् । डाइभर्सिफाई होस् कम्पनीहरू । महिलाले चलाएको होस्, प्रदेशपिच्छेका कम्पनी छनोट होस्, काठमाडौंबाट पनि होस् । धेरै देशहरूले यो अभ्यास गरेका छन् । छानेपछि ती २० वटा कम्पनीहरूलाई सतप्रतिशत रिसोर्स वृद्धि गर्न सरकारले सघाउने । मेरोमा अहिले २०० जना कर्मचारी छन् भने त्यसलाई कसरी चार वा ५०० पुऱ्याउने भन्नेमा सरकारले सघाउने । यसले देशमा रोजगारीको दर एकैचोटि दोब्बर हुँदैन त ? सरकारलाई आउने राजस्व दोब्बर भयो । अर्थतन्त्र गतिशील भएन र ? घरजग्गादेखि अरु उपभोग्य वस्तुको बिक्री हुने भयो । कृषिजन्य पदार्थको बिक्री बढ्ने भयो । त्यसरी सरकारले सोच्नुपऱ्यो । ओहो ! यसले कम्पनी खोलेको रहेछ त्यहाँ गएर अडिटको नोटिस दिउँ भन्ने मानसिकताले हुँदैन । सरकारले दिने आर्थिक सहायतामात्रै हुँदैन । अरु उपाय लगाएर पनि सहयोग र सहजीकरण गर्न सक्छ ।

मेयरले आएर मलाई तपाईंले २०० जनालाई रोजगारी दिनुभएको रहेछ, तपाईंले ५०० जना पुऱ्याउन मैले के गर्न सक्छु ? भनेर छलफल गर्नुपऱ्यो । तीनै तहको सरकारसँग धेरै स्रोतसाधन छ । हामीले त अहिलेसम्म केही सहायता पाएका छैनौं सरकारबाट । दातृ निकायबाट पनि छैन । सरकारले सहजीकरण गरिदिने हो भने दातृ निकाय नै आउँछन् । मेयरले प्राथमिकता दिएका शीर्ष २० कम्पनीलाई कसरी सहयोग गर्न सकिन्छ भन्दा दातृ निकायहरूसँग कुरा गरेर एउटा-एउटा देशलाई एउटा कम्पनीसँग नेगोसिएसन गरेर व्यापार बढाउने वातावरण बनाउन सकिन्छ । यसो हुँदा अर्को ५०० देखि एक हजार नयाँ अनुहारहरूलाई काम र सीप सिकाउन सकिन्थ्यो होला । सीपको विषयमा भलाकुसारी होला ।

त्यसैगरी, नेपालका आइटी कम्पनीहरूले भोगिरहेको अर्को मुख्य समस्या भनेको लजिस्टिक्स व्यवस्थापन हो । तुरन्तका तुरुन्तै ८०-१०० जना नयाँ कर्मचारी नियुक्त गर्नुपर्ने हुन्छ । अहिलेको भइरहेको ठाउँमा त पुग्दैन । अर्को ठाउँमा अफिस खोज्न जानुपऱ्यो । फर्निचरदेखि अन्य उपकरण व्यवस्थापन गर्नुपर्छ । फेरि ती कर्मचारीको काम सकिएपछि बिदा गर्नुपर्दा लजिस्टिक्समा गरेको लगानी त खेर जानसक्ने जोखिम हुने भयो । यदि कुनै ठाउँमा वर्किङ सेन्टर भइदिएको भए मैले मेरो र टिमको समय आफ्नो काममा लगाउन पाउँथे न कि यी कुराको व्यवस्थापन गर्न ।

सूचना प्रविधि कम्पनीमा महिला कर्मचारी नियुक्त गर्न रातको समयमा भरपर्दो सार्वजनिक यातायात नहुँदा समस्या थपिएको छ । हामीले अरु देशको टाइम जोनमा काम गर्नुपर्ने हुन्छ । नेपालकै लागि काम गर्ने हो भने त ५ बजेसम्म महिला कर्मचारीलाई बिदा गर्दिन्थ्यौं । उदाहरणका लागि हामी इजरायलको टाइम जोनमा काम गर्छौं । त्यहाँ ५ बजे भनेको हाम्रोमा पौने ९ हुन्छ । राति काम गर्नुपर्ने हुन्छ । तर, रातको समयमा सार्वजनिक यातायात नहुँदा उनीहरू सहजै घर पुग्न सक्दैनन् । राज्यले रातको समयमा पनि सार्वजनिक यातायात चलाइदिने हो भने धेरै सजिलो हुन्थ्यो । स्थानीय सरकारले पनि यसमा सोच्नुपर्छ ।

यस्तै, काठमाडौं बाहिरबाट यहाँ आएर आइटी कम्पनीमा काम गर्ने महिला कर्मचारीहरूलाई होस्टलको राम्रो सुविधा दिन सके धेरै जनशक्ति विकास गर्न सकिन्छ । 'गर्ल्स हाउजिङ/होस्टल' विकास हुनुपर्छ । अहिले निकै सीमित ठाउँमा मात्रै छन् । त्यो पनि पर्याप्त छैन । केटी मान्छेलाई जागिर गरेर खाने वातावरण बनाउनुपर्छ । भारत र चीनमा गर्ल्स होस्टेल बनेका धेरै उदाहरणहरू छन् । घरको काममा धेरै केन्द्रित नभइ आफ्नो काममै लाग्न सहयोग पुग्यो । यसले इफिसियन्सी बढ्थ्यो ।

सरकारले आइटी कम्पनीहरूलाई हेर्ने छुट्टै निकाय खडा गर्न ढिलो गर्नुहुन्न । हामीलाई कहिले राष्ट्र बैंक जाऊ भन्छ, कहिले अर्थ मन्त्रालय, कहिले कता भनिन्छ । हामीलाई उद्योग भनेर छुट्टै पहिचान दिने काम भएको छैन । मलाई लाग्छ हामीलाई साना उद्योगभित्रै परिभाषित गरिएको छ । त्यहाँ पनि समस्या छन् । तपाईंको प्रडक्ट नै होइन भनेर दर्ता कसरी गर्ने भनेर भन्ने गरिन्छ ।

सरकारले केही नगरेको पक्कै होइन । करमा सहुलियत दिएको छ । निर्यात गर्ने आइटी कम्पनीहरूलाई भ्याट रिटर्नको सुविधा छ । अब नागरिक समाजलगायतलाई आइटी क्षेत्रको विकास र विस्तार गर्न चाहेका छौं भनेर सरकारले आह्वान र पहल गर्नुपर्छ ।

*(थापा सूचना प्रविधि उद्यमी हुन् । नेपाल आर्थिक पत्रकार समाजको 'अर्थनीति' बाट साभार ।)*

# षडानन्द नगरका ८०० घरमा खानेपानीको पहुँच

**भोजपुर (प्रस)–** लोमाखोला खानेपानी आयोजनामार्फत भोजपुरको उत्तरी क्षेत्र षडानन्द नगरपालिकाका ८०० घरमा ‘एक घर, एक धारा’ सञ्चालनमा आएको छ । पानीको समस्यामा रहेका यहाँका ८०० घरमा धारा जडान गरिएको हो ।

बस्तीमा पानी वितरण थालिएपछि वर्षौंदेखिको पानीको समस्या हटेको षडानन्द-१२ टारीगाउँका स्थानीयवासी मोहन तामाङले बताए । एक गाग्री पानीको जोहो गर्न रात समयमा धारामा पालोमा बस्नुपर्ने अवस्थामा घरमा धारा जडान भएपछि सहजता भएको तामाङको भनाइ छ । ‘हाम्रो टारीगाउँ क्षेत्रमा पानीको अति नै समस्या थियो,’ उनले भने, ‘एक गाग्री पानी जोहो गर्न राति २:०० बजेबाट पालो बसेर ल्याउनुपर्ने अवस्था थियो । अहिले लोमाखोलाको पानी आएपछि सहजता छ । हामी एकदम खुसी छौं ।’



धारा जडान भएपछि दैनिकी नै फेरिएको स्थानीय ८३ वर्षीया वृद्धा हीमादेवी कार्कीले बताइन् । ‘म घरमा एक्लै छु,’ उनले भनिन्, ‘दमको रोगी भएका कारण पानी लिन बाहिर जान सक्दिनँ । स्थानीयलाई पैसा दिएर दुई बोतल पानी ल्याउन लगाएर दैनिकी चलाउँदै आएकी थिएँ । मेरा लागि साह्रै पुण्यको काम गरिदिए । पानी ल्याउनेहरूलाई आशीर्वाद दिन्छु ।’

षडानन्द नगरपालिकाका ८, ९, १०, ११ र १२ वडाका एक हजार ४१६ घरमा पानी वितरण गर्ने लक्ष्यका साथ आयोजना सञ्चालन भइरहेको छ । दुई स्किममा सञ्चालन भइरहेको आयोजनालाई आगामी आर्थिक वर्षभित्र पूर्णरूपमा सम्पन्न गर्ने लक्ष्य रहेको निर्माण उपभोक्ता समितिले जनाएको छ ।

निर्माण उपभोक्ता समितिका अध्यक्ष राजनविक्रम राईका अनुसार आयोजनाबाट तत्काललाई पानीको अति नै समस्या रहेका क्षेत्रमा पानी वितरण भइरहेको छ । यस आर्थिक वर्षमा पनि तीव्रगतिमा निर्माणको काम भइरहेकाले यस वर्ष नै एक हजार घरपरिवारमा पानी वितरण गर्ने लक्ष्य छ । लोमाखोला आयोजनाको पानी बस्तीस्तरमा वितरण थालेका छौं । सबै स्थानीयलाई चाँडो पानी खुवाउने लक्ष्यका साथ काम गरिरहेका छौं । यस आवमा एक हजार घरमा पानी वितरण गर्ने हाम्रो योजना छ ।

आयोजनाको स्किम-१ अन्तर्गत १२ वटा ट्यांकीमध्ये नौदेखि ७५ घनमिटरसम्मका नौवटा निर्माण सम्पन्न भएको अध्यक्ष राईको भनाइ छ । त्यस्तै दोस्रो स्किमको पाँचवटा नै वितरण ट्यांकी निर्माण सम्पन्न गरिएको उनले जानकारी दिए । पहिलो ठूलो स्किमअन्तर्गत कमेरे, देउसे र दोस्रो स्किम कखुवा सिस्नेटार मुहानबाट पानी ल्याइएको छ ।

पानी मुहानमा पानी प्रशोधन संरचना नरहेकाले बर्खाको समयमा बालुवा, गिट्टी आउने तथा धारा जाम हुने समस्या रहेको निर्माण उपभोक्ता समितिको भनाइ छ । साथै यही क्षेत्रमा सडक विस्तार भइरहेकाले कामलाई चाँडो बढाउन समस्या रहेको निर्माण समितिले जनाएको छ ।

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय भोजपुरका प्रमुख आशुतोष ठाकुरका अनुसार हालसम्म आयोजनाको ७५ प्रतिशत काम सम्पन्न भएको छ । श्रमदानसहित यो आयोजनाको अनुमानित कूल लागत २८ करोड ५१ लाख रूपैयाँ रहेको छ । आयोजनाको वितरण लाइन खन्ने र पुर्ने काम श्रमदानमार्फत गर्ने सम्झौता रहेको छ । यस आयोजनालाई आगामी वर्षभित्रमा सम्पन्न गराउने कार्यालयको लक्ष्य छ । दुई स्किममा गरी यो आयोजनाको मुख्य पाइपलाइन विस्तार करिब ४७ किलोमिटर र वितरणलाइन करिब १५३ किलोमिटर रहेको छ ।

निर्माणाधीन खानेपानीबाट पहिलो चरणको पानी वितरण थालिएपछि स्थानीय नागरिकलाई सहजता भएको षडानन्द नगरपालिकाका प्रमुख सुरेन्द्रकुमार उदासले बताए । खानेपानी आयोजनालाई समयमा सम्पन्न गराउन नगरको तर्फबाट आवश्यक भूमिका खेलिरहेको उनको भनाइ छ । यो योजनाको काम सम्पन्न भएपछि यहाँका पाँचवटा वडाका नागरिकलाई पानीको सुविधा पुग्ने उनको भनाइ छ ।

# तामाकोसी नदीमा निर्माणाधीन पुलको स्पान भाँचियो

**मन्थली (रामेछाप)–** जिल्ला सदरमुकाम मन्थलीसँगै जोडिएको कुनाउरीमा निर्माणाधीन पक्की मोटरेबल पुल भाँचिएको छ । मन्थली नगरपालिका-६ को कुनाउरीको भलुवाखोलाबाट वडा नं ७ भटौलीको ठेडीखोला जोड्ने तामाकोसी नदीमा निर्माणाधीन पुल आइतबार दिउँसो भाँचिएको हो ।

यसअघि निर्माणाधीन अवस्थामा पुल सम्पन्न गर्ने उद्देश्यले तीव्रता पाइरहेको अवस्थामा बीच भागको एउटा स्पान दुई महिना अगाडि भाँचिएको थियो । उक्त स्पानलाई प्राविधिकले मर्मत गरेर प्रयोगमा ल्याउन सकिने प्रतिवेदनमा उल्लेख गरिएपछि निर्माण कम्पनीले स्पानको मर्मत गरिरहेको थियो । मर्मत भइरहेको अवस्थामा आइतबार दिउँसो पुलको स्पान एक्कासि पूरै भाँचिएको स्थानीय लेखनाथ ढुंगेलले बताए । गुणस्तरहीन सामग्री प्रयोग गरेर वा अन्य कारणले यसरी पटक-पटक स्पान भाँचिएकाबारे खोजी हुनेपर्नेमा उनले जोड दिए ।



भाँचिएको स्पान पूर्णरूपमा पिल्लरबाट भत्किएर भुइँमा झरेको मन्थली-७ का पूर्ववडाध्यक्ष सुदर्शन प्रसाईंले जानकारी बताए । पुल भत्किएको थाहा पाउनासाथ उक्त ठाउँमा स्थानीय घुइँचो लागेको थियो । आगामी भदौ मसान्तसम्म पुल निर्माण सम्पन्न गर्नेगरी तीव्र गतिमा काम भइरहेको थियो । निर्माणाधीन उक्त पुल भत्केपछि लामो प्रतीक्षामा रहेका स्थानीय बासिन्दा चिन्तित छन् ।

सडक विभागले आर्थिक वर्ष २०७७/७८ मा कूल २२ करोड ५५ लाख चार हजारमा ठेक्का सम्झौता गरेको थियो । चारवटा स्पानसहित कूल २३० मिटर लामो उक्त पुल ११ मिटर चौडाइको थियो । कूल सम्झौता रकमको झण्डै ६० प्रतिशतभन्दा बढी रकम निर्माण व्यवसायीले भुक्तानी लिइसकेका छन् ।

पुल सञ्चालनमा आएपछि मन्थली-खुर्कोट सडकखण्डभन्दा पकरबास गोगनपानीबाट सित्खा हुँदै सिन्धुलीको सुनकोसी गाउँपालिकाको मुल्कोट निस्केर छोटो दूरीमा काठमाडौं आवतजावत गर्न सकिने छ । सदरमुकाम मन्थलीबाट जिल्लाका तीनवटा पालिका जोड्ने वैकल्पिक मार्गका रूपमा यसलाई लिइएको थियो । *रासस*

**युएइमा रोजगार** कम्पनी : REGENT PALACE HOTEL LLC

पूर्व स्वीकृति मिति : २०८०/०५/०८ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/०६ LT. No. 291496 चलानी नं. ६०२१६९४२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 20 | 1400 | ५२,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Receptionist | 0 | 1 | 1500 | ५६,६०५ | | | | | | | |
| 3 | waiter | 2 | 0 | 1200 | ४५,२८० | | | | | | | |
| 4 | Waitress | 0 | 4 | 1200 | ४५,२८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १४ गते (28th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 291496 मिति: २०८२/०३/०७ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**Indigo Overseas Pvt. Ltd.**
Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955, Mobile No.9840806449, 9823025516
E-mail : indigo.pukar@gmail.com, indigo.recp@gmail.com, Website : www.ioplneoal.com

**कतारमा रोजगार** कम्पनी : PLANET COFFEE SHOP

पूर्व स्वीकृति मिति : २०८२/०३/०५ LT. No. 325900 चलानी नं. ६०२३९८९५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cooker | 0 | 1 | 1500 | ५६,९६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १६ गते (30th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HR NEPAL SERVICES PVT. LTD.**
Old Baneshwor, Kathmandu, Nepal., Tel: +977-01- 5921536
Mob: 9802343008, Email: hrnepalservices@gmail.com
श्रम इजाजत नं. १५४८/०७८/०७९

**युएइ/कतारमा रोजगार** कम्पनी : ARABIAN GULF FACILITY MANAGEMENT LLC

पूर्व स्वीकृति मिति : २०८२/०३/०८ LT. No. 325959 चलानी नं. ६०२३९८९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 0 | 100 | 900 | ३३,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners (Male) | 100 | 0 | 900 | ३३,९६० | | | | | | | |

कम्पनी : ALIKHTSASY FOR READY BUILDINGS

पूर्व स्वीकृति मिति : २०८२/०३/०८ LT. No. 325936 चलानी नं. ६०२३९८९३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dry Clean Worker | 0 | 2 | 1000 | ३७,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Service Agents | 0 | 2 | 1500 | ५६,९६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १६ गते (30th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**OM OVERSEAS EMPLOYMENT PVT.LTD**
Govt. License 1518/074/075
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 980102050,
984-9924151, 981-0259009, E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

**युएइमा रोजगार** कम्पनी : Paragon Employment Services LLC

पूर्व स्वीकृति मिति : २०८१/०२/०१ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/०८ LT. No. 304785 चलानी नं. ६०२१९५४३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Block Mason | 75 | 0 | 1200 | ४५,२८० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Labourer | 6 | 0 | 800 | ३०,१८५ | | | | | | | |
| 3 | Plaster Mason | 75 | 0 | 1200 | ४५,२८० | | | | | | | |
| 4 | Shuttering Carpenter | 74 | 0 | 1200 | ४५,२८० | | | | | | | |
| 5 | Steel Fixer | 75 | 0 | 1200 | ४५,२८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १६ गते (30th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MANPOWER AGENCY NEPAL PVT.LTD.**
Govt. License 1618/079/80
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 014493648, Mobile: 9851068111

**साउदीमा रोजगार** कम्पनी : Mohammed Hashel Surour Sons Co., Ltd.

पूर्व स्वीकृति मिति : २०८१/१२/०४ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/०८ LT. No. 320570 चलानी नं.६०२३४७४०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 2 | 0 | 1000 | ३७,००० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrical Maintenance Staff | 6 | 0 | 1500 | ५५,३९५ | | | | | | | |
| 3 | Electrical Power Line With High Voltage Labour | 6 | 0 | 1500 | ५५,३९५ | | | | | | | |
| 4 | Heavy Equipment Driver. | 1 | 0 | 2500 | ९२,३२० | | | | | | | |
| 5 | Heavy Truck Drivers | 2 | 0 | 1800 | ६६,४७० | | | | | | | |

कम्पनी : Souffle Trading Company.

पूर्व स्वीकृति मिति : २०८२/०३/०८ LT. No. 325763 चलानी नं.६०२३९९३१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | packing & packing worker | 1 | 0 | 1000 | ३७,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Nawwarah Khalid bin Abdul Aziz Al Ahmed Contracting Est.

पूर्व स्वीकृति मिति : २०८२/०३/०८ LT. No. 325716 चलानी नं.६०२३९९३२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADING UNLOADING LABOR | 1 | 0 | 1000 | ३७,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १६ गते (30th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HALESI OVERSEAS PVT LTD**
Govt. License No. 1161/073/74
Gaushala-9, Ratopul, Kathmandu, Nepal, Tel: 4489975, Mob: 9851057208, E-mail : halesioverseas074@gmail.com

**फतुवा विजयपूर नगरपालिका**

## नगरपालिकाको कार्यालय

**लक्ष्मीनिया(दो), रौतहट**

## आशयपत्र सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०३/०९**

यस कार्यालयद्वारा तपशिलका आपूर्ति कार्यका लागि प्रथम पटक मिति २०८२/०२/०२ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सूचना बमोजिम मायादभित्र दर्ता भएका सम्पूर्ण बोलपत्रहरु मध्ये न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएको तपसिलको आपूर्ति कार्यको बोलपत्र स्वीकृतिको आशयको प्रयोजनको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | न्युनतम मूल्यांकित बोलपत्र दाताको नाम | कबोल रकम रु. (मु.अ.कर. सहित) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | FBMun//Agricultural/ Medicine/10/2081/82 | कृषि सम्बन्धी किटनासक र बिउ बिजन र मलखाद र बिषाधि खरिद तथा वितरण Fatuwa Bijaypur Municipality, Rautahat | Nirmala Trade & Suppliers, Kalaiya-06, Bara | 2406000.00 | |

**प्रमुख प्रशासकिय अधिकृत**

**कनकाई नगरपालिका**

## कनकाई नगर हस्पिटल, सुरुङ्गा, झापा

## औषधि तथा औषधिजन्य सामाग्रीहरूको प्रति ईकाई दर विधिबाट खरिद गर्ने बोलपत्र आह्वान सम्बन्धी सूचना

**(प्रथम सूचना प्रकाशित मिति २०८२/०३/०९)**

कनकाई नगर हस्पिटल फार्मेसीमा आ.व. २०८२/०८३ का लागि औषधि तथा औषधिजन्य सामाग्रीहरु बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले तपशिल बमोजिम थेराप्युटिक समूह अनुसारका औषधि तथा औषधिजन्य सामाग्रीहरु योग्यता पुगेका इच्छुक ईजाजत प्राप्त फर्म, कम्पनि तथा सप्लायर्सले रितपूर्वकको बोलपत्र तपसिलका शर्तहरु पालना हुनेगरी सार्वजनिक खरिद अनुगमन कार्यालयको website- https://bolpatra.gov.np/egp मार्फत पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

| क्र. सं. | ठेक्का नं. | विवरण | धरौटी रकम रू. | बोलपत्र दस्तुर रु | बोलपत्र खरिद/ दाखिला गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने मिति | बोलपत्र मान्य हुने अवधि | बोलपत्र जमानतको मान्य हुने न्यूनतम अवधि |
|---|---|---|---|---|---|---|---|---|
| १. | KANKAI/ NCB/GOO DS/1/ 2082-083 | Procurement of Medicine and Related Items for Hospital Pharmacy. | १२४५००० | ३००० | २०८२ श्रावण ७ गते बुधबारका दिन दिनको १२:०० बजे | २०८२ श्रावण ७ गते बुधबारका दिन दिनको १२:३० बजे | ९० दिन | १२० दिन |

बैंकको नामः नेपाल बैंक लिमिटेड, सुरुङ्गा शाखा ।
कार्यालयको नामः कनकाई नगर हस्पिटल, सुरुङ्गा, झापा ।
नेपाल बैक लि.सुरुङ्गा, राजश्व खाता नम्बर १४७००१०७३६०२७१००००१

## थापाको 'छुट्टै संसार' भिडियोमा

बदल थापाको स्वरमा रहेको 'छुट्टै संसार' गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ । भिडियोमा प्रेम र सम्बन्धको भावनात्मक पक्षलाई कलात्मक ढंगमा प्रस्तुत गरिएको छ । भिडियोमा पुरु भण्डारी, बिनिता दहाल र दिनेश काठायत काजीले अभिनय गरेका छन् । गीतमा टेकराज अछामी र नरेन्द्र तिखत्रीको संयुक्त शब्द रचना तथा त्रिखत्रीकै संगीत रहेको छ।





# गण्डकी लोकताराको उपाधि विकलाई



■ प्रभाव संवादादता

**गण्डकी–** लोक गायन प्रतियोगिता 'प्रथम गण्डकी लोकतारा'को उपाधि बागलुङका प्रेम विकले हात पारेका छन् । शनिबार पोखरामा भएको फाइनल प्रतियोगितामा बाँकी १७ जना प्रतिस्पर्धीलाई उछिन्दै उनी 'प्रथम गण्डकी लोकतारा' बन्न सफल भएका हुन् ।

राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल गण्डकी प्रदेश समितिले आयोजना गरेको प्रतियोगितामा विकले उपाधिसँगै नगद ५१ हजार १११ रूपैयाँ पुरस्कार प्राप्त गरे । प्रतियोगितामा स्याङ्जाकी शिला गुरुङले दोस्रो स्थान हासिल गर्दै ३१ हजार १११ रूपैयाँ, तृतीय स्थान प्राप्त गर्ने म्याग्दीका विजय परियारले २१ हजार १११ रूपैयाँ प्राप्त गरे । सान्त्वना स्थान हासिल गर्ने दिलीप मानन्धरले ११ हजार १११ रूपैयाँ प्राप्त गरे ।

उत्कृष्ट आवाजतर्फको उपाधि गोरखाका पवनसिंह परियारलाई प्रदान गरियो । प्रथम, द्वितीय र तृतीय हुने कलाकारलाई निःशुल्क गीत रेकर्डिङकोसमेत अवसर दिइने प्रतिष्ठानको गण्डकी प्रदेश कार्यसमितिका अध्यक्ष राजन कार्कीले जानकारी दिए ।

प्रतिभा पहिचानसँगै लोकसंगीत जगेर्ना गर्ने उद्देश्यले आयोजना गरिएको प्रतियोगितामा जिल्लास्तरीय 'अडिसन'बाट छानिएका १८ प्रतिस्पर्धीले भाग लिएका थिए । मुस्ताङ र मनाङबाहेक गण्डकी प्रदेशका नौ जिल्लामा 'अडिसन' सञ्चालन गरिएको थियो । प्रतियोगिताको निर्णायकमा गायक दुर्गा रायमाझी, पुरुषोत्तम न्यौपानेलगायत रहेका थिए । विश्व संगीत दिवसको अवसर पारेर प्रतिष्ठानको प्रदेश कार्यसमितिले पहिलोपटक प्रदेशस्तरीय बृहत् लोकगायन प्रतियोगिता आयोजना गरेको हो ।

# सुर्खेतमा 'सतीदेवी' को विशेष शो

**काठमाडौं (प्रस)–** नारी चेतना, सामाजिक यथार्थ र मानवीय संवेदनालाई उजागर गर्ने चलचित्र 'सतीदेवी' को विशेष शो तथा कर्णाली उत्कृष्ट नारी सम्मान समारोह-२०८२ शनिबार सुर्खेतको वीरेन्द्रनगरमा सम्पन्न भएको छ ।

लक्ष्मी चलचित्र मन्दिरमा आयोजित शोमा कर्णाली प्रदेशका मुख्यमन्त्री यमलाल कँडेल, वीरेन्द्रनगर नगरपालिकाकी प्रमुख मोहनमाया ढकाल, प्रदेशका ऊर्जामन्त्री विजया बुढालगायतको उपस्थिति थियो । ४०० भन्दा बढी दर्शकको साथमा चलेको विशेष शोले हलमा उपस्थित सबैलाई भावुक बनाएको थियो ।

नगरप्रमुख ढकालले सामाजिक सञ्जालमार्फत आफ्नो अनुभूति साट्दै लेखेकी छन्, 'सतीदेवी हेरेपछि मन गह्रौं भयो । महिलाको संघर्ष, समाजले गर्ने विभेद, किशोरीहरूको भावना- सबै दृश्यहरू हाम्रै जीवनको ऐना बनेर प्रस्तुत भए । चलचित्र सकिएपछि उठ्नै सकिएन, एकछिन मौन भएर बस्न मन लाग्यो ।'

ऊर्जामन्त्री बुढासँगै चलचित्र अवलोकन गरेकी ढकालले फिल्मको सिक्वेलमा सफल महिलाको कथा देखिनुपर्ने सुझाव पनि निर्देशक लक्ष्मण सुवेदीलाई दिएकी थिइन् । निर्देशक सुवेदीले उक्त सुझावलाई सकारात्मक रूपमा लिएको बताए । 'म आफैं कर्णालीको हुँ, आफ्नै ठाउँमा आफ्ना दर्शकसँग बसेर फिल्म हेर्दा त्यो आत्मीयता अपूर्व थियो । आगामी प्रोजेक्ट यही प्रदेशमा छायांकन गर्न चाहन्छु,' उनले भने ।



कार्यक्रमको विशेष आकर्षण 'कर्णाली नारी सम्मान-२०८२' थियो, जसमा समाजमा महिलाको पहिचान, प्रेरणा र योगदानलाई सम्मान गरियो । 'प्लेइङ फर चेन्ज'द्वारा आयोजित उक्त समारोहमा विभिन्न क्षेत्रबाट सशक्त महिलाहरूलाई सम्मान प्रदान गरिएको जानकारी अध्यक्ष प्रकाश खड्काले दिएका छन् ।

सम्मानित हुनेहरूमा जलस्रोत तथा ऊर्जा विकासमन्त्री बुढा, नगरप्रमुख ढकाल, पत्रकार माया थापा, खेलाडी सुनमाया बुढा, पाइलट सिर्जना रावत, समाजसेवी यमुना सापकोटा, राउटे समुदायकी अगुवा सत्यदेवी खड्का, महिला सहकारी अभियन्ता सुनिता खड्का, पत्रकार तृप्ति शाहीलगायत थिए ।

'सतीदेवी' मा मलिका महतको शीर्ष भूमिका छ, साथमा सन्दीपबाबु लोहनी, रमेश बुढाथोकी, कुलदीप अधिकारी, बालकलाकार हर्षिका वली र मञ्जिला बानियाँको अभिनय रहेको छ । श्रीदेवी, दिलासा र सारा सुवेदीको निर्माण रहेको फिल्मले विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय अवार्डसमेत हात पारिसकेको छ ।

## प्रिता बल्लको 'अविचलित पाइला' लोकार्पण

**भक्तपुर (प्रस)–** भक्तपुर नगरपालिका-३ तेखापुखूकी प्रिता बल्लको पुस्तक 'अविचलित पाइला' शनिबार लोकार्पण गरिएको छ । शारीरिक रूपमा अपांगता भएकी उनले उक्त पुस्तक खुट्टाले लेखेकी हुन् ।

मष्तिष्क पक्षघातबाट अपांगता जीवन बिताइरहेकी उनले खुट्टाले मोबाइलमा टाइप गरेर लेखेकी २४२ पृष्ठको उक्त पुस्तक शनिबार एक सामारोहबीच पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले लोकार्पण गरे । मन्त्री पाण्डेले पुस्तक लेखेर बल्लले पर्यटन दुतको काम गरेको बताए । शारीरिक अशक्तताकाबीच पनि देशका विभिन्न धार्मिक पर्यटकीय क्षेत्रको भ्रमण गर्दै त्यहाँका बारेमा लेख्नुले पर्यटनमा टेवा पुग्ने मन्त्री पाण्डेले बताए ।



पर्यटन मन्त्रालयले बल्ललाई केही महत्त्वपुर्ण जिमेवारी दिने प्रतिबद्धता मन्त्री पाण्डेले व्यक्त गरे । पुस्तकमा ९३ शीर्षकमा लखिएका विभिन्न अनुभूतिहरू समेटिएका छन् । ख्वप कलेज देकोचाबाट स्नातक तह पूरा गरेकी बल्लको यो पहिलो कृति हो ।

## एकल नृत्य प्रतियोगिताको उपाधि स्नेहालाई

**भक्तपुर (प्रस)–** नगरकोट भ्रमण वर्ष-२०८२ को अवसरमा चाँगुनारायण नगरपालिकामा आयोजना गरिएको भक्तपुर जिल्लास्तरीय खुला एकल नृत्य प्रतियोगिताको उपाधि स्नेहा खत्रीले जितेकी छन् । उनले एक लाख रूपैयाँ पुरस्कार प्राप्त गरिन् ।

बोडेमा आयोजना गरिएको प्रतियोगिताको फाइनल चरणमा मण्डला कला केन्द्र मध्यपुरथिमि बोडेकी खत्रीले प्रथम स्थान हासिल गरेकी हुन् । उनले पहिलो चरणमा २७२ प्रतिस्पर्धीलाई पछाडि पारेकी थिइन् । र, अन्तिमका १६ प्रतिस्पर्धीलाई उछिन्दै उपाधि जितिन् ।

प्रतियोगितामा सेक्रियट हार्ट स्कुल भक्तपुर नगरपालिका-४ गपलीका म्हारमेन दोङले दोस्रो स्थान हासिल गरे । उनले ५० हजार रूपैयाँ पुरस्कार प्राप्त गरे । सिद्धिदास स्कुल पाण्डुबजार भक्तपुरकी युमिसा तामाङले तेस्रो स्थान हासिल गर्दै २५ हजार रूपैयाँ पुरस्कार प्राप्त गरे ।

कार्यक्रममा संघीय सांसद दुर्लभ थापा, चाँगुनारायण नगरपालिकाका नगरप्रमुख जीवन खत्रीलगायतले विजयी प्रतियोगीलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गरे । प्रतियोगितामा अमिनिटी इंगलिस स्कुल मध्यपुरथिमि तेर्साटारकी स्मारिका प्रसाईं र वागेश्वरी मावि भक्तपुरकी मेलिना घर्तीमगरले सान्त्वना पुरस्कार प्राप्त गरे ।



एसिसी पुरुष यु-१६ क्रिकेट

# सिंगापुरलाई हराउँदै नेपालद्वारा सुखद सुरुआत

■ प्रभाव संवाददाता



**काठमाडौं–** एसिसी पुरुष यु-१६ पूर्वी क्षेत्रीय क्रिकेट प्रतियोगितामा नेपालले सिंगापुरलाई पराजित गर्दै प्रतियोगितामा सुखद सुरुआत गरेको छ । मलेसियाको युकेएम ओभल क्रिकेट मैदानमा सम्पन्न खेलमा नेपालले सिंगापुरमाथि छ विकेटले जित निकालेको हो ।

जितका लागि १३९ रनको लक्ष्य पछ्याएको नेपालले ३३.३ ओभरमा चार विकेट गुमाएर पूरा गऱ्यो । नेपालका लागि ओपनर प्रसिद्ध जैसीले सर्वाधिक ५५ रनको योगदान गरे । उनले ९७ बलमा पाँच चौकाको सहयोगमा ५५ रन जोडेका हुन् । रौनक श्रीवास्तवले ४० रन बनाए ।

सिंगापुरका लागि आकाश तेजाले तीन विकेट लिए भने युभान पाण्डेले एक विकेट झारेका हुन् । त्यसअघि टस जितेर पहिला ब्याटिङ रोजेको सिंगापुरले ३६.१ ओभरमा सबै विकेट गुमाउँदै १३८ रनको योगफल बनाएको थियो । सिंगापुरका लागि कप्तान रियन नायकले सर्वाधिक ५३ रनको योगदान गरे । ओपनर आहान भुधानभामले ३८ रन बनाउँदा अर्का ओपनर रोशन अरुनले ११ रन जोडे ।

नेपालका लागि कप्तान वीपिन शर्माले चार विकेट लिए भने सचिन भट्टले तीन विकेट झारे । त्यसैगरी शुभम खनाल र अभय यादवले समान एक/एक विकेट लिए । यो जितसँगै नेपालले दुई अंक बटुलेको छ । अब नेपालले आफ्नो दोस्रो खेल यही असार १० गते जापानसँग खेल्ने छ ।

एसियाली क्रिकेट परिषद् (एसिसी) को वार्षिक कार्यतालिका अनुसार सञ्चालन भएको उक्त प्रतियोगितामा विभिन्न १० टोलीको सहभागिता छ । प्रतियोगितामा नेपाल समूह 'ए' मा छ । नेपालको समूहमा सिंगापुर, इण्डोनेसिया, भुटान र जापान छन् । त्यस्तै समूह 'बी' मा आयोजक मलेसियासहित हङकङ, माल्दिभ्स, थाइल्याण्ड र म्यानमार छन् ।

# बेनीको खेलमैदानलाई फराकिलो पारेर 'प्यारापिट' निर्माण

**म्याग्दी–** जिल्ला सदरमुकाम बेनीस्थित खेलमैदानलाई फराकिलो पारेर 'प्यारापिट' बनाउन थालिएको छ । खेलमैदानको दायाँतर्फ रहेको कालीगण्डकी नदीको किनारबाट पर्खाल उठाएर फराकिलो पारिएको खेलमैदानको सतहभन्दा माथि दर्शक बसेर खेल अवलोकन गर्ने प्यारापिट बनाउन लागिएको हो ।

चार तहको २० मिटर लामो प्यारापिट बनाउन १९ लाख ९३ हजार रूपैयाँमा ठेक्का सम्झौता गरेको कस्तुरी कन्स्ट्रक्सनले ढलानको काम थालेको बेनी नगरपालिका-७ का वडाध्यक्ष रमेश श्रेष्ठले बताए । कालीगण्डकी नदीतर्फ खेलमैदान विस्तार गर्न यसअघि उठाइएको पिल्लरमाथि प्यारापिट बनाउन चालु आवमा नगरपालिकाले २५ लाख रूपैयाँ र संघीय सरकारले २० लाख रूपैयाँ बजेट विनियोजन गरेको थियो ।

संघीय सरकारको योजनामार्फत थप करिब १५ मिटर प्यारापिट बनाउन उपभोक्ता समितिले सम्झौता गरेका छन् । चालु आर्थिक वर्षमा दुईवटा शीर्षकका आयोजनामार्फत करिब ३५ मिटर प्यारापिट तयार पार्ने लक्ष्यका साथ काम भइरहेको छ । 'यसअघि ९७ मिटर भएको बेनी खुलामञ्चको खेलमैदानको लम्बाइ विस्तार गरेर १०० मिटर बनाएका छौं,' वडाध्यक्ष श्रेष्ठले भने, '३८ मिटर चौडाइ भएको खेलमैदानलाई ४५ मिटर चाक्लो बनाउन म्याग्दी नदीको किनारमा पर्खाल उठाएर प्यारापिट बनाइसकिएको छ ।'



एघार/एघार जना फुटबल खेलाउन मिल्ने बनाउन गत वर्ष बेनी भगवती मन्दिरको पर्खाललाई तीन मिटर पछि सारेर खैलमैदानको लम्बाइ १०० मिटर बनाइएको थियो । खेलमैदानको क्षेत्रफल विस्तार गर्न बेनी नगरपालिकाले गत आर्थिक वर्षमा ५० लाख रूपैयाँ विनियोजन गरेको थियो ।

उक्त बजेटबाट खेलमैदानमुनि कालीगण्डकी र म्याग्दी नदीको दोभानमा दुई कोठे मलामी घर र मन्दिर परिसरको पर्खाल सारिएको वडाध्यक्ष श्रेष्ठले बताए । मलामी घरको माथिल्लो भागमा संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना म्याग्दीमार्फत ११ वटा सार्वजनिक शौचालय निर्माण गरेको छ । 'बेनी मिनि रंगशाला' म्याग्दी जिल्लाको प्राथमिकता प्राप्त र बेनी नगरपालिकाको गौरवको आयोजना हो । यसअघि म्याग्दी नदीको किनारतर्फ १०५ मिटर लामो र पाँच मिटर अग्लो पर्खाल बनाएर त्यसमाथि करिब १०० मिटर लामो प्यारापिट बनाइएको थियो ।

दर्शक बसेर खेल अवलोकन गर्ने प्यारापिटको बाहिरी भागमा बल बाहिर जान नदिन र अग्लो तारजाली लगाइएको छ । कालीगण्डकी र म्याग्दी नदीको दोभानमा रहेको मैदानलाई विस्तार गर्न र प्यारापिट बनाउन वि.सं. २०७४ मा नौ करोड रूपैयाँ लागत अनुमान गरिएको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार पारिएको थियो । फुटबल, क्रिकेट र एथलेटिक्स खेलको अभ्यास गर्ने र प्रतियोगिता सञ्चालन गर्ने एकमात्र मैदान खुलामञ्च हो । जिल्लास्तरीय मेला, महोत्सव, सभा, समारोह, सांस्कृतिक कार्यक्रम र सम्मेलन यही हुने गर्छ ।

हाल नौ/नौ जनाको फुटबल खेलाइने खेलमैदान विस्तार गरेपछि ११/११ जनाको समूह खेलाउन सकिन्छ । हाल फुटबल खेल्दा खेलाडीले फालेको बल खोलामा पुगेर हैरान हुन्छ । वि.सं. २०५१ मा तत्कालीन सांसद निल पुनले सांसद विकास कोषबाट एक लाख रूपैयाँ बजेट विनियोजन गरेर खुल्लामञ्चलाई व्यवस्थित बनाउन सुरु गरिएको थियो ।

आर्थिक वर्ष २०७७/७८ र आव २०७८/७९ मा बजेटविहीन हुँदा अलपत्र बनेको बेनी खेलमैदान योजनालाई पूर्णता दिन यसअघिका दुई आर्थिक वर्षमा बेनी नगरपालिकाले ५०/५० लाख रूपैयाँ बजेट व्यवस्थापन गरेको थियो । *रासस*


# अमेरिकाद्वारा इरानका तीन आणविक केन्द्रमा आक्रमण

## ▌बदला लिने इरानको चेतावनी ▌कूटनीतिक समाधानका लागि विश्व समुदायको आग्रह

**वासिङ्टन–** अमेरिकाले इरानका तीन मुख्य आणविक केन्द्र फोर्डो, नाताञ्ज र इस्फहानमा हवाई आक्रमण गरेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आइतबार उक्त जानकारी दिएका हुन् । यस आक्रमणले क्षेत्रीय तनाव र युद्धको सम्भावना बढाएको छ ।

यस घटनाले विश्व अर्थतन्त्र र तेल कारोबारमा पनि प्रभाव पार्ने सम्भावना रहेको विश्लेषकहरूले बताएका छन् । राष्ट्रपति ट्रम्पले भने, 'सबै विमानहरू अहिले इरानको आकाशबाट बाहिर छन् । फोर्डोमा मुख्य स्थलमा पूर्ण बमबारी गरियो ।' उनले थपे, 'सामान्य रूपमा बमबारी गरियो र मुख्य स्थल फोर्डोलाई लक्षित गरियो ।' उनले इरानको आणविक केन्द्र ध्वस्त बनाइएको दाबी गरे ।

यस घटनाले विश्वव्यापीरूपमा नयाँ तनाव सिर्जना भएको छ । अमेरिकी अधिकारीहरूका अनुसार, यसले इरानको आणविक कार्यक्रमलाई कडा धक्का पुर्‍याएको हो । अमेरिकी आक्रमपछि इरानले बदला लिने प्रतिक्रिया दिएको छ ।




### अन्तर्राष्ट्रिय समुदायको प्रतिक्रिया

इरानमाथिको अमेरिकी आक्रमणले तेहरानसँग इजरायलको युद्ध व्यापक क्षेत्रीय द्वन्द्वमा परिणत हुनसक्ने आशंकालाई बढावा दिएको छ । आक्रमणपछि देशहरूले आइतबारदेखि कूटनीति र सावधानीका लागि आग्रह गरेका छन् । अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले दुई हप्ताभित्र यसमा संलग्न हुने वा नहुनेबारे निर्णय गर्ने बताएका थिए । वासिङ्टनले इजरायलको अभियानमा आइतबार बिहान आफूलाई प्रवेश गराएको छ ।

कति क्षति भएको छ भन्ने कुरा सुरुमा नै स्पष्ट नभए पनि इरानले इजरायली आक्रमणमा अमेरिका सहभागी भएमा प्रतिकार गर्ने प्रतिबद्धता जनाएको थियो । कतिपयले कमजोर इरानले आत्मसमर्पण गर्ने वा विद्रोही रहने र खाडी क्षेत्रमा छरिएर रहेका अमेरिकी लक्ष्यमा आक्रमण गर्न थाल्ने हो कि भन्ने प्रश्न उठाएका छन् । आक्रमणपछि इरानको छिमेकी राष्ट्र, युरोप र एसियाली मुलुकका नेता तथा सरकारका प्रतिनिधि र अधिकारीहरूको प्रतिक्रिया आएको छ ।

### संयुक्त राष्ट्रसंघ

संयुक्त राष्ट्रसंघले आक्रमणका कारण खाडी क्षेत्र र विश्वका लागि विनासकारी परिणाम आउन सक्ने जनाउँदै समस्याको सैन्य समाधान नभई कूटनीतिक बाटो अपनाउन सम्बन्धित देशहरूसँग आग्रह गरेको छ । संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसले संयुक्त राज्य अमेरिकाले बल प्रयोग गरेकोमा आफू गम्भीररूपमा चिन्तित भएको बताएका छन् ।

'यो द्वन्द्व द्रुत गतिमा नियन्त्रणबाहिर जानसक्ने खतरा बढ्दै गएको छ, यसले नागरिक, खाडी क्षेत्र र विश्वका लागि विनासकारी परिणाम ल्याउने छ,' उनले सामाजिक सञ्जाल एक्समा जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'सैन्य आक्रमण समस्याको सही समाधान होइन । अबको एकमात्र बाटो कूटनीति हो ।'

### लेबनान

लेबनानका प्रधानमन्त्री नवाफ सलामले द्वन्द्वबाट सम्भावित क्षेत्रीय प्रभावबाट टाढै रहनुपर्ने बताएका छन् । 'लेबनान कुनै न कुनै तरिकाले चलिरहेको क्षेत्रीय टकरावमा तानिएको छ । हाम्रो लागि सर्वोच्च राष्ट्रिय हितलाई कडाइका साथ पालना गर्नु र युद्धको प्रभावबाट देशलाई जोगाउनु आवश्यक छ ।' सलामले एक्समा गरेको एक पोस्टमा उल्लेख छ ।

### न्युजिल्याण्ड

न्युजिल्याण्डका विदेशमन्त्री विन्स्टन पिटर्सले सबै पक्षलाई वार्तामा फर्कन आग्रह गरेका छन् । राष्ट्रपति ट्रम्पको कदमलाई न्युजिल्याण्डले समर्थन गरेको छ कि छैन भन्नेबारे उनले आइतबार पत्रकारहरूलाई बताएनन् । तीन पटक विदेशमन्त्री बनेका उनले यो संकट 'उनले सामना गरेको अहिलेसम्मकै सबैभन्दा गम्भीर संकट' भएको र यो 'गम्भीर अवस्था भएको' बताएका छन् । उनले भने, 'कूटनीतिले थप सैन्य कारबाहीभन्दा पनि स्थायी समाधान दिने छ ।'

### हमास र हुथी विद्रोही

यमन र हमासका हुथी विद्रोही दुवैले अमेरिकी आक्रमणको निन्दा गरेका छन् । हुथी विद्रोहीले 'यहुदी र अमेरिकी आक्रमण' विरुद्धको लडाइँमा इरानलाई समर्थन गर्ने प्रतिबद्धता जनाएका छन् । हुथी पोलिटिकल ब्युरोले आइतबार एक विज्ञप्ति जारी गर्दै मुस्लिम राष्ट्रहरूलाई 'जिहाद र प्रतिरोधको विकल्पलाई यहुदी-अमेरिकी अहंकारविरुद्ध एक मोर्चाको रूपमा' सामेल हुन आह्वान गरेको छ । हमास र हुथीहरू इरानको तथाकथित 'प्रतिकार'को हिस्सा हुन्, यमनदेखि लेबनानसम्म फैलिएको इरान समर्थक सशस्त्र समूहहरूले वर्षौंसम्म इरानलाई यस क्षेत्रमा पर्याप्त शक्ति प्रदान गर्दै आएका छन् ।

### चीन

चीनको राज्य सञ्चालित सञ्चारमाध्यम सिजिटिएनले अमेरिकाले 'इरानमा कतै उसले इराकमा गरेको गल्ती दोहोर्‍याइरहेको त होइन' भनी अमेरिकाको आक्रमणले ट्रम्प स्वयंलाई अप्ठ्यारोमा पार्नसक्ने संकेत गरेको छ । सरकारी प्रसारकको विदेशी भाषाको शाखा सिजिटिएनको अनलाइन लेखमा भनिएको छ, 'अमेरिकी आक्रमणले खतरनाक मोडलाई संकेत गरेको छ ।'

सन् २००३ मा इराकमा अमेरिकी आक्रमणलाई उद्धृत गर्दै लेखमा भनिएको छ, 'इतिहासले बारम्बार देखाइसकेको छ कि मध्यपूर्वमा सैन्य हस्तक्षेपले प्रायः अनपेक्षित परिणामहरू उत्पन्न गर्दछ, जसमा लामो द्वन्द्व र क्षेत्रीय अस्थिरता समावेश छ ।' सैन्य मुठभेडभन्दा वार्तालाई प्राथमिकता दिने कूटनीतिक दृष्टिकोणले मध्यपूर्वमा स्थायित्वका लागि सबैभन्दा राम्रो आशा प्रदान गर्ने बताइएको छ ।

### दक्षिण कोरिया

दक्षिण कोरियाली राष्ट्रपतिको कार्यालयले अमेरिकी आक्रमणको सम्भावित सुरक्षा र आर्थिक असरबारे छलफल गर्न आइतबार आपत्कालीन बैठक आयोजना गरेको थियो । राष्ट्रिय सुरक्षा निर्देशक वि सुङ-ल्याकले दक्षिण कोरियामा कुनै पनि नकारात्मक प्रभावलाई कम गर्न अधिकारीहरूलाई नजिकबाट समन्वय गर्न आग्रह गर्दै दक्षिण कोरियाली जनताको सुरक्षा सुनिश्चित गर्नु र उनीहरूको स्थिर दैनिक जीवनको निरन्तरतालाई उच्च प्राथमिकता दिनु रहेकोमा जोड दिएका छन् ।

### जापान

जापानका प्रधानमन्त्री शिगेरु इशिबाले अमेरिकी आक्रमणको प्रभावबारे छलफल गर्न आइतबार अपराह्न प्रमुख मन्त्रीहरूसँग बैठक गर्ने अपेक्षा गरिएको जापानको एनएचके टेलिभिजनले जनाएको छ । जापानको सबैभन्दा धेरै पढिनेमध्येको पत्रिका योमिउरीले टोकियोमा भएको आक्रमणबारे विशेष सम्पादकीय लेख्दै संयमता अपनाउन आग्रह गरेको छ ।

### अस्ट्रेलिया

शुक्रबार तेहरानस्थित आफ्नो दूतावास बन्द गरेको अस्ट्रेलियाले द्वन्द्वको कूटनीतिक अन्त्यका लागि दबाब दिएको छ । 'इरानको आणविक र ब्यालेस्टिक क्षेप्यास्त्र कार्यक्रम अन्तर्राष्ट्रिय शान्ति र सुरक्षाका लागि खतरा भएको कुरामा हामी स्पष्ट छौं,' एक सरकारी अधिकारीले लिखित वक्तव्यमा भन्नुभएको छ, 'अब शान्तिको समय हो भन्ने अमेरिकी राष्ट्रपतिको भनाइलाई हामी ध्यान दिन्छौं । यस क्षेत्रको सुरक्षा स्थिति अत्यन्त अस्थिर छ । हामी तनाव कम गर्न, संवाद र कूटनीतिका लागि निरन्तर आह्वान गर्दछौं ।'

### इजरायल

इजरायलका प्रधानमन्त्री बेञ्जामिन नेतन्याहुले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई इरानका तीनवटा आणविक केन्द्रमा अमेरिकाले गरेको 'सटिक आक्रमण'का लागि बधाइ दिएका छन् । नेतन्याहूले एक भिडियो सन्देशमा भनेका छन्, 'बधाइ छ राष्ट्रपति ट्रम्प ! संयुक्त राज्य अमेरिकाको भयानक र धार्मिक शक्तिको साथ इरानको आणविक सुविधाहरूलाई लक्षित गर्ने तपाईंको साहसिक निर्णयले इतिहास परिवर्तन गर्ने छ ।'

### साऊदी अरब

साउदी अरेबियाले आफ्नो छिमेकी इरानमा रहेको आणविक केन्द्रहरूमा अमेरिकी हवाई आक्रमणपछि 'ठूलो चिन्ता' व्यक्त गरेको छ । साउदी अरबको विदेश मन्त्रालयले 'एक्स'मा भनेको छ, 'साउदी अरबले संयमता अपनाउन, तनाव कम गर्न र थप तनाव बढ्न नदिन हरसम्भव प्रयास गर्नुपर्ने आवश्यकतामा जोड दिएको छ ।'

### इराक

इराकले आफ्नो छिमेकी इरानको आणविक केन्द्रमाथि अमेरिकी आक्रमणले मध्यपूर्वको शान्ति र स्थिरतालाई खतरामा पार्ने चेतावनी दिएको छ । इराक सरकारका प्रवक्ता बासिम अलवाडीले भने, 'यो सैन्य वृद्धि मध्यपूर्वको शान्ति र सुरक्षाका लागि गम्भीर खतरा हो र यसले क्षेत्रीय स्थिरताका लागि गम्भीर खतरा उत्पन्न गरेको छ ।'

### बेलायत

बेलायतका प्रधानमन्त्री केइर स्टार्मरले इरानलाई वार्ताको टेबुलमा फर्कन र यस संकटको अन्त्यका लागि कूटनीतिक समाधानमा पुग्न आह्वान गरेका छन् । 'इरानलाई कहिल्यै पनि आणविक हतियार विकास गर्न अनुमति दिन सकिँदैन र अमेरिकाले त्यो खतरालाई कम गर्न कदम चालेको छ,' स्टार्मरले एक्समा भने, 'यस क्षेत्रमा स्थिरता प्राथमिकता हो ।'

### इयु

युरोपेली संघका शीर्ष कूटनीतिज्ञ काजा कल्लासले तनाव कम गर्न र वार्तामा फर्कन आह्वान गरेका छन् । 'म सबै पक्षलाई पछि हट्न, वार्ताको टेबुलमा फर्कन र थप तनाव रोक्न आग्रह गर्दछु,' कल्लासले एक्समा लेखेका छन् । उनले अगाडि भने, 'इरानलाई आणविक हतियार विकास गर्न दिनु हुँदैन र इयूका विदेशमन्त्रीहरूले सोमबार स्थितिबारे छलफल गर्ने छन् ।' *रासस⁄एपी*

## इरानमाथि अमेरिकी आक्रमण 'गलत' : *आइक्यान*

**जेनेभा–** इरानका आणविक केन्द्रहरूमा अमेरिकी सेनाले गरेको सैन्य आक्रमण 'मूर्खता र लापरवाहीपूर्ण' भएको नोबेल शान्ति पुरस्कार विजेता आणविक हतियार उन्मूलन अन्तर्राष्ट्रिय अभियानका प्रमुखले आइतबार बताएका छन् ।

इरानमाथि इजरायलको आक्रमणमासामेल भएर अमेरिकाले अन्तर्राष्ट्रिय कानुन पनि तोडेको उनले बताए । आइक्यानका कार्यकारी निर्देशक मेलिसा पार्कले इरानविरुद्धको सैन्य कारबाही तेहरानको आणविक कार्यक्रमसम्बन्धी चिन्ता समाधान गर्ने तरिका नभएको बताएका छन् । विज्ञप्तिमा भनिएको छ, 'इरानले आणविक हतियारको खोजी नगरेको आकलन अमेरिकी गुप्तचर निकायले गरिरहेका छन् । यस्तो अवस्थामा भएको यो आक्रमण मूर्खता र लापरबाहीपूर्ण कार्य हो । यसले आणविक हतियारको थप प्रसार रोक्ने अन्तर्राष्ट्रिय प्रयासलाई कमजोर पार्न सक्छ ।'

जेनेभास्थित आइक्यानले सन् २०२१ मा लागू भएको आणविक हतियार निषेधसम्बन्धी सन्धिको मस्यौदा तयार पार्न महत्वपूर्ण भूमिका खेलेको भन्दै सन् २०१७ को नोबेल शान्ति पुरस्कार जितेको थियो । हालसम्म करिब ६९ देशले यसलाई अनुमोदन गरिसकेका छन्, अन्य चार देशले यस सन्धिलाई प्रत्यक्ष रूपमा स्वीकार गरिसकेका छन् र अन्य २५ देशले हस्ताक्षर गरेका छन् । *रासस⁄एएफपी*


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**हक दावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०७१/११/०४ मा दर्ता भएको **ईजनी ट्रेडर्स एण्ड कन्सल्टेन्ट प्रा.लि.** (प्रा.लि.नं. १३२३९४) नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि सुधार तथा मालपोत कार्यालय
सर्लाही, मलंहवा
मोही फाँट

**३५ दिने सार्वजनिक सूचना**

प्रकाशित मितिः २०८२/०३/०९

जिल्ला सर्लाही साविक गा.वि.स. ईश्वरपुर को वडा नं. ९ हाल ईश्वरपुर न.पा. वर्डा नं. ८ मा बस्ने **वसुदेव राय दनुवार** नाउँको हकदावी गर्न आउने बारेको सूचना ।

उपरोक्त सम्बन्धमा तपसिल बमोजिम जग्गाको मोही महलमा जिल्ला सर्लाही साविक गा.वि.स. ईश्वरपुर को वडा नं. ९ हाल ईश्वरपुर न.पा. वडा नं ८ मा बस्ने बसुदेव राय दनुवार को नाम उल्लेख रहेकोमा जग्गा धनीको भगुवा मोही लगत कट्टा गरी पाऊँ भन्ने निवेदनमा कार्यालयबाट मिति २०८२/१/२८ मा भएको आदेशानुसार मोही हक दावी सम्बन्धी ३५ दिने सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण सहित पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम भगुवा मोही लगत कट्टा तर्फको कार्यवाही नै जाने यसै सूचनाद्वारा जानकारी गराइन्छ । पछि तपाईंको उजुर बाजुर लाग्ने छैन ।

तपसिल

| जिल्ला | गा.वि.स | वार्ड नं. | कि.नं. | ज.वि. | ज.ध. | मोही |
|---|---|---|---|---|---|---|
| सर्लाही | ईश्वरपुर | ९ग | ४९२ | ०-८-० | अन्जु कुमारी चौधरी | वासुदेव राय दनुवार |
| सर्लाही | ईश्वरपुर | ९ग | ४०९ | ०-४-० | सुलोचना कुमारी चौधरी | |
| सर्लाही | ईश्वरपुर | ९ग | ४९३ | ०-८-११.५ | सुलोचना कुमारी चौधरी | |

**कतारमा रोजगार** कम्पनी : AL TAMIMI GROUP शहर : DOHA
पूर्व स्वीकृति मिति : २०८२/03/0८ LT. No. 325945 चलानी नं. ६०२३९९२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 30 | 0 | 1700 | ६४,५५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labour | 70 | 0 | 1000 | ३७,९७४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १६ गते (30th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NEPAL GATE WAY OVERSEAS PVT.LTD. Govt. License 759/064/065
Kalanki 14, Kathmandu, Nepal, Tel.- +977- 01-5219205, 5219584, Fax: 4361050

**कतारमा रोजगार** कम्पनी : FOREVER CONSTRUCTION AND SERVICES
पूर्व स्वीकृति मिति : २०८२/03/0८ LT. No. 325939 चलानी नं. ६०२३९९२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | AIR-CONDITION TECHNICIAN | 0 | 2 | 1200 | ४५,५६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Brick Builder | 1 | 0 | 1200 | ४५,५६९ | | | | | | | |
| 3 | Ceramic Worker | 3 | 0 | 1200 | ४५,५६९ | | | | | | | |
| 4 | Driver | 14 | 0 | 1500 | ५६,९६१ | | | | | | | |
| 5 | Hotel Cleaner | 0 | 2 | 1200 | ४५,५६९ | | | | | | | |
| 6 | Marketing Represnt | 0 | 1 | 2100 | ७९,७४५ | | | | | | | |
| 7 | Plaster Worker | 4 | 0 | 1200 | ४५,५६९ | | | | | | | |
| 8 | Receptionist | 0 | 1 | 1200 | ४५,५६९ | | | | | | | |
| 9 | Service Agents | 0 | 5 | 1200 | ४५,५६९ | | | | | | | |
| 10 | STONE MASON | 2 | 0 | 1200 | ४५,५६९ | | | | | | | |
| 11 | Supervisor | 1 | 0 | 2500 | ९४,९३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १६ गते (30th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sulav Recruitment Pvt.Ltd. Govt. License No. 1336/074/075
Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : +977- 5903011/5903012, Email: sulavrecruitment@gmail.com, Website: www.sulavhr.com

**युएइ/बहराइन/कुवेतमा रोजगार** कम्पनी : AL MUSTADAM CLEANING AND MAINTENANCE L.L.C
पूर्व स्वीकृति मिति : २०८१/११/०१ पुन विज्ञापन स्वीकृति मिति : २०८२/03/0८ LT. No. 318849 चलानी नं.६०२३२९८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tile Layer | 24 | 0 | 1200 | ४५,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : ALKHEDER BEAUTY AND FASHIOR
पूर्व स्वीकृति मिति : २०८१/०६/२३ पुन विज्ञापन स्वीकृति मिति : २०८२/03/0८ LT. No. 312058 चलानी नं.६०२२६७०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 3 | 150 | ५५,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : AMORY BEAUTY HOUSE & SPA
पूर्व स्वीकृति मिति : २०८१/०६/११ पुन विज्ञापन स्वीकृति मिति : २०८२/03/0८ LT. No. 311375 चलानी नं.६०२२५९८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 5 | 150 | ५५,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : BEAUTY ZONE LADIES BEAUTY SALON COMPANY
पूर्व स्वीकृति मिति : २०८०/१२/२७ पुन विज्ञापन स्वीकृति मिति : २०८२/03/0८ LT. No. 303259 चलानी नं.६०२१८१११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manicure/pedicure | 0 | 5 | 150 | ६७,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : SULTANA PALACE FOR LADIES
पूर्व स्वीकृति मिति : २०८०/१२/२७ पुन विज्ञापन स्वीकृति मिति : २०८२/03/0८ LT. No. 312058 चलानी नं.६०२१८११०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manicure/pedicure | 0 | 3 | 150 | ६७,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १६ गते (30th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Chinari Overseas Pvt. Ltd. Govt. License 1165/073/074
Dhumbarahi, Kathmandu, Nepal, Tel : +977-1-4372922/ 4376922, E-mail: chinarioverseas@gmail.com Website: chinarioverseas.com

**जापानमा रोजगार** कम्पनी : Accumulation Cooperative
पूर्व स्वीकृति मिति : २०८२/03/0८ LT. No. 325998 चलानी नं. ६०२३९९५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Reinforcing Iron Worker | 3 | 0 | 167000 | १५८,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्की आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिबद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिबद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति: स्थान: प्रा.लि.को कार्यालय, मिति: यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्च: नि:शुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थान: छनौट तरिका: अन्तर्वार्ता, स्थान: प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मिति: पछि प्रकाशित गरिनेछ ।

नोट: वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्य: यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १६ गते (30th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MANJUSHREE OVERSEAS SERVICE PVT. LTD. 423/060/061
Baluwatar, Kathmandu,Nepal, Tel: 01-4546052,
Email : info@manjushreeoverseas.com.np,Web: www.manjushreeoverseas.com.np

**वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर**

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १९५२०० | प्रति तोला – ० | प्रति तोला – २१६० |



**मुङको कोसा टिप्दै किसान** | सुनसरीको इनरुवा नगरपालिका-३ मा मुङको कोसा टिप्दै किसान । *तस्बिरः नवीन गङ्तौला/रासस*

# २६ खर्ब ५४ अर्ब नाघ्यो सार्वजनिक ऋण

## ११ महिनामा दुई खर्ब २० अर्ब ५८ करोड थपियो

■ प्रभाव संवाददाता




**काठमाडौं–** मुलुकको सार्वजनिक ऋण २६ खर्ब ५४ अर्ब रूपैयाँभन्दा बढी पुगेको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार सरकारले हालसम्म तिर्न बाँकी कूल ऋण २६ खर्ब ५४ अर्ब ६८ करोड पुगेको हो ।

चालु आर्थिक वर्षको सुरुमा कूल सार्वजनिक ऋण २४ खर्ब ३४ अर्ब नौ करोड रूपैयाँ रहेको थियो । गत जेठ मसान्तसम्ममा दुई खर्ब २० अर्ब ५८ करोड रूपैयाँ ऋण थपिएको हो । गत जेठ मसान्तसम्मको कूल सार्वजनिक ऋण मुलुकको कूल गार्हस्थ उत्पादनको ४३.४७ प्रतिशत हुन्छ ।

हालसम्म सरकारले तिर्न बाँकी ऋणमा वैदेशिक ऋणको हिस्सा ५२.०६ र आन्तरिक ऋणको हिस्सा ४७.९४ प्रतिशत छ । गत जेठ मसान्तसम्मको तथ्यांकअनुसार आन्तरिक ऋण १२ खर्ब ७२ अर्ब ५३ करोड रूपैयाँ र बाहय ऋण १३ खर्ब ८२ अर्ब १२ करोड रूपैयाँबराबर छ ।

सरकारले चालु आवमा पाँच खर्ब ४७ अर्ब रूपैयाँ सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखेको थियो । गत जेठ मसान्तसम्ममा चार खर्ब १४ अर्ब १९ करोड रूपैयाँ ऋण उठिसकेको छ । वार्षिक लक्ष्यको तुलनामा कूल सार्वजनिक ऋण प्राप्ति ७५.७२ प्रतिशत हुन्छ । सरकारीको ऋणको साँवाब्याज भुक्तानीका लागि पछिल्लो ११ महिनामा तीन खर्ब २९ अर्ब ६० करोड रूपैयाँ खर्च भएको छ । यस वर्ष सरकारले साँवा ब्याज तिर्न चार खर्ब दुई अर्ब ८५ करोड रूपैयाँ बजेट छुट्याएको थियो ।

गत जेठ मसान्तसम्ममा आन्तरिक ऋणको साँवा तिर्नका लागि दुई खर्ब २३ अर्ब ३५ करोड ९४ लाख रूपैयाँ र आन्तरिक ऋणको ब्याज तिर्नका लागि ५४ अर्ब ३७ करोड २५ लाख रूपैयाँ खर्च भएको छ । त्यस्तै, यही अवधिमा बाहय ऋणको साँवा तिर्नका लागि ४३ अर्ब २९ करोड रूपैयाँ र बाहय ऋणको ब्याज तिर्नका लागि आठ अर्ब ५७ करोड ७३ लाख रूपैयाँबराबर खर्च भएको कार्यालयले जनाएको छ ।

### लक्ष्यको आधा पनि उठ्न सकेन बाह्य ऋण

चालु आर्थिक वर्षमा दुई खर्ब १७ अर्ब रूपैयाँ बाहय ऋण उठाउने भनेर बजेट स्रोत देखाएको संघीय सरकारले हालसम्म वार्षिक लक्ष्यको आधा पनि उठाउन सकेको छैन । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको गत जेठ मसान्तसम्मको सार्वजनिक ऋणको प्रतिवेदनअनुसार ९९ अर्ब २० करोड १७ लाख रूपैयाँबराबर बाहय ऋण उठाइएको छ । यो वार्षिक लक्ष्यको ४५.७२ प्रतिशत हो । अर्कोतर्फ सरकारले चालु आवका लागि राखेको आन्तरिक ऋणको लक्ष्य भने सतप्रतिशत प्राप्ति हुने देखिएको छ ।

गत जेठ मसान्तसम्ममा सरकारले वार्षिक लक्ष्यको ९५.४५ प्रतिशत आन्तरिक ऋण उठाइसकेको छ । चालु आवका लागि तीन खर्ब ३० अर्ब रूपैयाँ आन्तरिक ऋण उठाउने भनिएकामा पछिल्लो ११ महिनामा तीन खर्ब १५ अर्ब रूपैयाँ हाराहारी उठिसकेको छ ।

सरकारले अधिकांश बाहय ऋणलाई पुँजीगत शीर्षक अर्थात् विकास आयोजनामा खर्च हुने बजेट स्रोतका रूपमा देखाएको हुन्छ । अहिले विकास आयोजनाको काम सुस्त हुँदा र खर्च गर्न नसक्दा वैदेशिक ऋण प्राप्ति कमजोर देखिएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका प्रमुख गोपीकृष्ण कोइरालाले बताए ।

'दुईपक्षीय वा बहुपक्षीय निकायबाट आउने बाहय ऋण विभिन्न विकास आयोजनामा खर्च गर्नेगरी सहमति भएको हुन्छ । आयोजनामा काम गरेका आधारमा त्यसको भुक्तानी र शोधभर्ना हुँदै जाने हो । हाम्रा निकायले तोकिएका समयमा काम गर्न नसक्दा बाहय ऋण प्राप्ति कमजोर भएको हो,' कोइरालाले भने ।

बाहय ऋणलाई स्रोत देखाइएका अधिकांश आयोजनामा पहिले आन्तरिक स्रोतबाट खर्च भएर पछि शोधभर्ना हुने गरेको उनको भनाइ छ । दातृ निकायबाट हुने बाहय ऋण प्रतिबद्धताको रकम सोझै सरकारको खातामा आउने नभई सम्बन्धित आयोजनाको काम सम्पन्न भएको आधारमा प्रगति देखिने भएकाले यस वर्ष बाहय ऋण प्राप्ति कमजोर देखिएको हो ।

'दातृ निकायहरूले बढीजसो 'बजेटरी सपोर्ट' भन्दा पनि 'प्रोजेक्ट फाइनान्सिङ' गरेको हुन्छ । आयोजनामा काम भयो भने पैसा आउने हो, काम हुन सकेन भने आउँदैन,' कार्यालयका प्रमुख कोइरालाले भने । आयोजना कार्यान्वयन गर्न सम्बन्धित विषयगत मन्त्रालय र मातहतका निकाय जिम्मेवार हुने भएकाले कुनै एक मन्त्रालय वा निकायको कमजोरीका कारण नभई समग्र विकास खर्च कमजोर देखिएकाले त्यसको प्रभाव बाहय ऋण प्राप्तिमा देखिएको उनको भनाइ छ । महालेखा नियन्त्रक कार्यालयको तथ्यांकअनुसार आइतबार साँझसम्म सरकारको कूल पुँजीगत खर्च वार्षिक लक्ष्यको ४२.३ प्रतिशत हाराहारी छ ।

# सरकार र एचसिसिएन नेपालबीच सहकार्यमा जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालको आर्थिक कूटनीति प्रभावकारी, समन्वयात्मक र रणनीतिक बनाउन सरकार र अनररी कन्सुलर कर्प्स नेपाल (एचसिसिएन) बीच बलियो सहकार्यको आवश्यकता रहेको बताएका छन् ।

परराष्ट्र मन्त्रालयअन्तर्गतको आर्थिक कूटनीति विभाग र एचसिसिएनको संयुक्त आयोजनामा चन्द्रागिरिमा भएको 'नेपालको निर्यात व्यापारः अवस्था, चुनौती र सम्भावना' विषयक अन्तर्क्रियात्मक कार्यशालामा बोल्दै उनले सो कुरा बताएका हुन् । अध्यक्ष ढकालले नेपालले आफ्नो आर्थिक कूटनीतिलाई बढाउँदै विकास र सम्मृद्धिमा फड्को मार्न विश्वका महत्त्वपूर्ण ६४ देशका अवैतनिक वाणिज्यदूतहरूको उचित उपयोग गर्नुपर्ने उल्लेख गरे ।



'सरकार र एचसिसिएन नेपालबीच विश्वास र साझेदारीको सहकार्य आवश्यक रहेको छ । राज्यले अनररी कन्सुलर कर्प्सलाई अवैतनिक र औपचारिक दूतको रूपमामात्र होइन आर्थिक कूटनीतिज्ञको रूपमा व्यवहार र उपयोग गर्नुपर्छ,' उनले भने । ढकालका अनुसार वाणिज्यदूतहरू व्यापार, पर्यटन, लगानी र आर्थिक सहकार्यमा पहिल्यै सक्रिय रहेका छन् । उनीहरूले सरकारको खर्चविना आफ्नै स्रोत, समय र सञ्जाल प्रयोग गरेर नेपाललाई विदेशमा प्रवर्द्धन गरिरहेका उनको दाबी छ । उनले वाणिज्यदूतहरूलाई नेपाल र विश्व अर्थतन्त्रबीचको पुलको रूपमा उपयोग गर्न सकिने उल्लेख गरे ।

## कर्पोरेट

### बिवाइडी डल्फिनको २०२५ संस्करण सार्वजनिक



**काठमाडौं (प्रस)–** बिवाइडी डल्फिनको बहुप्रतिक्षित २०२५ संस्करण नेपालमा सार्वजनिक भएको छ । बिवाइडी अटो इण्डस्ट्री कम्पनीको नेपालका लागि आधिकारिक वितरक साइमेक्स इंक प्रालिले आइतबार एक समारोहबीच उक्त संस्करण सार्वजनिक गरेको हो ।

नेपालको इलेक्ट्रिक हचाचब्याकको स्तरलाई नयाँ परिभाषा दिँदै बिवाइडी डल्फिनको २०२५ संस्करण सार्वजनिक गरिएको कम्पनीले जनाएको छ । 'अघिल्लो संस्करणको सफलतामा आधारित यस अपग्रेड गरिएको बिवाइडी डल्फिन २०२५ मा थुप्रै उन्नत विशेषताहरू समावेश गरिएका छन्,' कम्पनीद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'सबैभन्दा प्रमुख रूपमा यसमा इभी उद्योगमै पहिलोपटक लिथियम आइरन फस्फेट (एलएफपी) लो भोल्टेज ब्याट्री (एलभिबी) प्रयोग गरिएको छ, जसले परम्परागत लिड-एसिड ब्याट्रीलाई विस्थापित गरेको छ ।'

यो ब्याट्री पारम्परिक ब्याट्रीभन्दा छ गुणा हलुका, पाँच गुणा कम 'सेल्फ डिस्चार्ज' हुने विशेषतायुक्त रहेको कम्पनीको दाबी छ । यसको आयु १५ वर्षसम्म हुन सक्ने बताइएको छ । 'यसले लो-भोल्टेज इनर्जी स्टोरेज र विश्वसनीयतामा नयाँ विश्वस्तरीय मापदण्ड निर्धारण गरेको छ । एलएफपी लो भोल्टेज ब्याट्रीमा आठ वर्ष वा एक लाख ५० हजार रूपैयाँ किलोमिटरको वारेन्टी उपलब्ध हुने छ,' कम्पनीको भनाइ छ ।

२०२५ संस्करणमा नेपालका विविध भू-परिस्थितिमा प्रदर्शन सुधार गर्न स्पोर्टी हयाण्डलिङका लागि टयुन गरिएको सस्पेन्सन, रातको समयमा अझ राम्रो दृश्यता दिने प्रभावशाली एलइडी हेडलाइट्स, उन्नत कुलिङ र हिटिङ कार्यक्षमतासहितको सुधारिएको एसी सिस्टम, मोबाइल फोन एनएफसी कि, ब्लुटुथ कि र प्यासेन्जर डोर स्विचजस्ता नयाँ सुविधाहरू थप गरिएको कम्पनीले जनाएको छ ।

'बिवाइडी डल्फिन २०२५ केवल फिचर अपग्रेडमात्र होइन- यो नेपालका लागि हरित भविष्यतर्फको हाम्रो यात्राको निरन्तरता हो,' साइमेक्स इंककी प्रबन्ध निर्देशक यमुना श्रेष्ठले भनिन् । सोही कार्यक्रममा साइमेक्स इंकका प्रमुख कार्यकारी अधिकृत साहिल श्रेष्ठले बिवाइडी डल्फिन एउटा गाडीमात्र नभई इलेक्ट्रिक जीवनशैलीको बाहक भएको बताए । 'हरेक नयाँ संस्करणमार्फत हामी स्वदेशी ऊर्जाको प्रयोग, शून्य उत्सर्जन र सुरुदेखि सेवापश्चात्सम्म उत्कृष्ट ग्राहक अनुभव प्रदान गर्ने वातावरण बनाइरहेका छौं,' उनले भने ।

### नागरिक लगानी कोषले हिमालयन बैंकको सेयर प्रत्याभूति गर्ने

**काठमाडौं (प्रस)–** नागरिक लगानी कोष र हिमालयन बैंक लिमिटेडबीच सेयर निष्कासनमा प्रत्याभूति गर्नेसम्बन्धी सम्झौता भएको छ । आइतबार भएको सम्झौताअनुसार कोषले हिमालयन बैंकको थप सार्वजनिक निष्कासन (एफपिओ) को प्रत्याभूति गर्ने भएको छ । उक्त सम्झौतामा कोषका कार्यकारी निर्देशक पर्वतकुमार कार्की र बैंकका प्रमुख कार्यकारी अधिकृत अशोक शम्सेर राणाले हस्ताक्षर गरेका छन् ।



सम्झौतासँगै बैंकले जारी गर्ने ९२ लाख ५० हजार ४६९ कित्ता एफपिओ सेयरको प्रत्याभूति गरिने कोषले जानकारी दिएको छ । सम्झौताको अवधि आगामी तीन महिनासम्म कायम रहने पनि जानकारी दिइएको छ ।

### मञ्जुश्रीको 'इन्स्टा फण्ड ट्रान्सफर' सेवा




**काठमाडौं (प्रस)–** मञ्जुश्री फाइनान्स लिमिटेडले 'इन्स्टा फण्ड ट्रान्सफर' मार्फत निःशुल्क अन्तरबैंक रकमान्तरको सुविधा ल्याएको छ । यो सुविधा मञ्जुश्रीको मोबाइल बैंकिङ एपको मञ्जुश्री स्मार्टअन्तर्गत इन्स्टा फण्ड ट्रान्सफर भुक्तानी विकल्पबाट, एनपिएसमा आबद्ध बैंक तथा वित्तीय संस्थामा रहेको खातामा रकम रकमान्तर गर्न सक्ने कम्पनीले जानकारी दिएको छ । 'ग्राहक वर्गको डिजिटल अनुभवलाई अझै उत्कृष्ट र सहज बनाउने उद्देश्यले सो सेवालाई मञ्जुश्रीले आफ्नो एपमार्फत ग्राहकको माझ ल्याएको छ,' कम्पनीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

### महालक्ष्मीको मोबाइल बैंकिङमार्फत रेमिट्यान्स सीधै खातामा

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
सबल बैंक, सफल सहकार्य

**काठमाडौं (प्रस)–** महालक्ष्मी विकास बैंकले मोबाइल बैंकिङ एप 'महालक्ष्मी स्मार्ट साथी' मार्फत अन्तर र्राष्ट्रिय रेमिटचान्स सीधै खातामा प्राप्त गर्न सकिने सुविधाको सुरुआत गरेको छ । यस सेवाअन्तर्गत नेपालबाहिरबाट पैसा पठाउने व्यक्तिको विवरण, रेमिटचान्स एजेन्ट र मनी ट्रान्सफर कन्ट्रोल नम्बर बैंकको मोबाइल बैंकिङ एपमा प्रविष्ट गरेर आफ्नो खातामा सीधै रकम प्राप्त गर्न सकिने बैंकले जानकारी दिएको छ । बैंकले १०० भन्दा बढी अन्तर्राष्ट्रिय रेमिटचान्स कम्पनीहरूबाट पठाइएको रकम सजिलै प्राप्त गर्न सकिने जनाएको छ ।

### सांग्रिला बैंकद्वारा 'अक्सिजन कन्सेन्ट्रेटर' हस्तान्तरण

**काठमाडौं (प्रस)–** सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले



मुस्ताङको घरपझोङ गाउँपालिका-३ स्याङ गाउँमा रहेको स्याङ आधारभूत स्वास्थ्य सेवा केन्द्रलाई स्वास्थ्य सामग्री 'अक्सिजन कन्सेन्ट्रेटर' हस्तान्तरण गरेको छ । बैंकको जोमसोम शाखाका प्रबन्धक टासी थकालीले एक समारोहबीच स्याङ आधारभूत स्वास्थ्य सेवा केन्द्रकी अनमी आशमाया परियार तथा वडा सदस्य वीरप्रसाद थकालीलगायतलाई अक्सिजन कन्सेन्ट्रेटर हस्तान्तरण गरेका हुन् । उक्त अवसरमा शाखा प्रबन्धक थकालीले बैंकले प्रत्येक वर्ष विभिन्न संघसंस्था र विद्यालयहरूमा स्वास्थ्य तथा शैक्षिक सामग्री तथा छात्रवृत्ति उपलब्ध गराउँदै आएको बताए । यो क्रमलाई आगामी दिनमा पनि जारी राख्ने उनले बताए ।

स्याङ आधारभूत स्वास्थ्य सेवा केन्द्रकी अनमी परियारले अक्सिजन कन्सेन्ट्रेटरले विशेषगरी दम र निमोनियाका बिरामीको उपचारमा सहयोग पुग्ने बताइन् । उनले स्वास्थ्य संस्थाका लागि अति आवश्यक रहेको अक्सिजन कन्सेन्ट्रेटर उपलब्ध गराएकोमा बैंकलाई धन्यवाद दिइन् । घरपझोङ गाउँपालिका-३ का सदस्य थकालीले स्याङ आधारभूत स्वास्थ्य सेवा केन्द्रको आवश्यकतालाई मध्यनजर गर्दै स्वास्थ्य सामग्री उपलब्ध गराएर नागरिकको स्वास्थ्य उपचारमा सांग्रिला डेभलपमेन्ट बैंकले ठूलो योगदान गरेको बताए ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ